नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
Government of Nepal
Ministry of Forests and Environment

GREEN CLIMATE FUND

Food and Agriculture Organization of the United Nations



# संवेदनशिल पारिस्थीतिकिय प्रणाली पुर्नस्थापना योजना

## लखनदेही नदी प्रणाली
## सर्लाही, मधेश प्रदेश

चुरे उत्थानशिल आयोजना
आयोजना व्यवस्थापन एकाई, ववरमहल,
काठमाण्डौ

# चुरे उत्थानशिल आयोजना

**Building A Resilient Churia Region in Nepal (BRCRN)**

# कार्यकारी सारांश

यो योजना पुर्नस्थापनाको लागि संघीयदेखि, प्रादेशिक र स्थानीय तहसम्मका वजेट तथा योजना निर्माणमा सहजीकरण गर्न सहज होस भन्नको लागि अनुगमन प्रणालीसहितको सहभागितामूलक र परिणाममा आधारित विधी अपनाई वनाईएको दस्तावेज हो जसलाई ''संवेदनशिल पारिस्थीतिकिय प्रणालीको पुर्नस्थापना योजना ( Critical Ecosystem Restoration Plan -CERP)'' भनिएको छ। CERP बनाउदा योजना निर्माणका सवै चरणहरु जस्तै : सरोकारवालाहरूको पहिचान, तथ्याङ्क र सूचनाको सङ्कलन तथा प्रशोधन, विश्लेषण, छलफल, र मूल्याङ्कन लगायत सरोकारवालाहरुसंग सहभागितामुलक परामर्श जस्ता प्रकृयाहरु समेटिएको छ । नदी प्रणाली भित्रका लक्षित पारिस्थीतिकिय प्रणालीको संवोधनकोलागि विभिन्न कार्यशालाहरूमा संवन्धित नदी प्रणालीकै बहु-सरोकारवालाहरुको उपस्थिती रहेको थियो । करिव १६ वटा spatial variable बहु-आयामिक जलवायुजन्य जोखिमका तथ्याङ्कहरूलाई प्रारम्भिक विश्लेषण गरि पारिस्थितिकीय प्रणालीका संवेदनशिल (Hotspots) क्षेत्रहरू पहिचान गरिएको थियो । ती तथ्याङ्कहरूलाई न्यूनीकरण -Mitigation) र अनुकूलन (Adaptation) क्षेत्रमा वर्गीकृत गर्दै भौगोलिक सूचना प्रणाली (Geographic Information System)मा आधारित बहु-मापदण्ड विश्लेषण (Multi Criterai Aanalysis) विधी प्रयोग गरि प्रारम्भिक संवेदनशिल क्षेत्रहरू पहिचान गर्दै नक्साङ्कन गरिएको थियो। पहिचान गरिएका संवेदनशिल क्षेत्रहरू र तयार पारिएको नक्साहरुलाई समुदायमा आधारित संस्थाहरुको प्रतिनिधीहरुको सहभागितामा यस नदी प्रणालीमा विभिन्न तीन स्थानमा: लालबन्दी नगरपालिका-१० ( उपल्लो तटिय)को लालबन्दी; हरिपुर नगरपालिका-२ ( मध्यम तटिय) को जगतपुर र बरहथवा नगरपालिका-९ ( तल्लो तटिय) को मुर्तिया प्रत्यक स्थानमा २-२ दिनको समस्या र समाधान कार्यशाला गोष्ठीमा व्यापक छलफल गरिएको थियो । समुदायमा आधारित विभिन्न उपभोत्ता संस्थाहरू (सामुदायिक वन उपभोक्ता समूह, किसान समूह, र जलवायु-जन्य विपद् व्यवस्थापन समूह, माटो तथा पानी संरक्षण समूह) वाट महिला, आदिवासी जनजाति, दलित प्रतिनिधीहरुका साथै सरकारी संघसंस्थाको (वन सव-डिभिजन कार्यालय र सामुदायिक स्तरमा स्थानीय सरकार) प्रतिनिधिहरुलाई कार्यशाला गोष्ठिमा सहभागि गराईएको थियो ।

ती कार्यशाला गोष्ठिमा सहभागिहरुलाई जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरणका दुई विषयगत समूहहरूमा विभाजन गरिएको थियो। समूह कार्य अन्तर्गत नक्सामा संवेदनशिल स्थानहरूको पहिचान र कारकतत्वहरु समेत पहिचान गरिएको र प्रमाणित/अध्यावधि गरियो र स्थानीय अग्रजहरुसंग छलफल गरेर स्थलगत निरिक्षण र संवेदनशिल क्षेत्रको प्रमाणित समेत गरिएको थियो ।

त्यसैगरि यस नदी प्रणालीमा थप दुई दिने विज्ञ समूह योजना कार्यशाला गोष्ठि समेत गरि दुईवटा विषयगत समस्याहरूको कारक तत्वहरू र अन्तर्निहित कारणहरू पहिचान गर्दै निष्कर्षहरूलाई छलफल र प्रमाणीकरण गरियो । दुई दिने विज्ञ समूह कार्यशाला गोष्ठिमा यस लखनदेही नदी प्रणालीमा आवद्द भएका विज्ञ सरकारी अधिकारी र वन तथा प्राकृतिक स्रोत व्यवस्थापन क्षेत्र, कृषि क्षेत्र र विपद् जोखिम न्यूनीकरण क्षेत्रमा काम गर्ने विज्ञहरुको प्रतिनिधित्व भएको थियो ।

### समस्या विश्लेषण कार्यशालाहरूको आधारमा, यस नदी प्रणालीमा निम्न मुख्य समस्याहरू पहिचान गरियो:

क) यस नदी प्रणालीमा विगत १९ वर्षमा (२०००-२०१९) वनले ओगटेको क्षेत्र प्रति वर्ष ०.२७ प्रतिशतको दरले बढेको छ भने, निर्माण क्षेत्र प्रति वर्ष १०.०५ प्रतिशतको दरले बढेको छ (स्रोतः ICIMOD, 2000 / ICIMOD, 2019)। तर, नदी प्रणालीका उपल्लो तटिय क्षेत्रमा विभिन्न ठाउँमा ७४४ हेक्टर जङ्गल क्षति भएको पाईएको छ। वन डडेलो, चोरी निकासी, अतिक्रमण, इन्धनको रुपमा जथाभावि दाउरा सङ्कलन, जलवायु जन्य प्रकोपहरू- (बाढी, पहिरो र खडेरी) आदि यस नदी प्रणालीको वन विनाशका मुख्य कारक तत्वहरु हुन् ।

ख) यस नदी प्रणाली भित्र लगभग ३२ सामुदायिक/स्थानीय वन उपभोक्ता समूहहरूको उपस्थिती भएतापनि, प्राविधिक जनशक्ति, वन व्यवस्थापनमा आवश्यक औजार, प्रविधि, ज्ञान र सीप र वित्तीय स्रोतहरूको अपर्याप्तताको कारणले दिगो वन व्यवस्थापन प्रभावकारी भएको पाईदैन ।

ग) यस नदी प्रणालीको उपल्लो तटिय क्षेत्रमा प्रमुख कारकतत्व मध्य विभिन्न स्थानमा ( हरिवान नगरपालिका-१, ८, ९ र लालबन्दी नगरपालिका-११, १२, १४) साना ठूला गरेर ३१ वटा पहिरो (लगभग २७ हेक्टर क्षेत्रमा) र १८ वटा खहरेलेनै वन क्षयीकरण भएको पाईन्छ ।

घ) नदी किनारका जमिन, बाढीको मैदान र तल्लो तटिय क्षेत्रमा कृषि भूमिले ओगटेको क्षेत्रमा नदीजन्य सामग्री (बालुवा र ढुङ्गा) थुप्रिएर (करिव ८२७ हेक्टर) जमिन जमिनलाई क्षति पुऱ्याएको जसको कारणले यस नदी प्रणालीको जमिनको उर्वरता घटेको छ ।

ङ) यस नदी प्रणालीमा जलवायु परिवर्तन अनुकूलनका अभ्यासहरु अपर्याप्त रहेको पाईएको । अनुकूलनका अभ्यासहरु अपर्याप्त हुनुका कारणहरु विभिन्न छन् । जस्तै : कृषि अभ्यासहरूमा निर्णय गर्दा मौसम तथा जलवायु-सूचनाको आधारमा निर्णय प्रक्रियामा कृषकको पहुँचको अभाव, कृषि उत्पादनको व्यवसायीकरणमा पहुँच नभएको, मौसम जन्य प्रकोपहरुको प्रभावकारी अभ्यासहरूमा कमि, बाढीको जोखिम तीव्र हुनु र थोरै समयमा अधिक वर्षा, अपर्याप्त सिँचाइ सुविधा, रोग तथा कीराहरूको प्रकोपमा तिव्रता, वाली र पशुरोगहरू र पशुव्यवसायको व्यवस्थापन र अभ्यासहरूको लागि अपर्याप्त सहयोग र स्रोत, आदि ।

यस नदीका संवेदनशिल क्षेत्रहरूको पुनर्स्थापनाको लागि विभिन्न सम्भावित कार्यक्रमलाई CERP म्यानुअलको मार्गदर्शनको आधारमा पाँचवटा पुनर्स्थापना कार्यक्रम प्याकेजहरू (IPacks) मा समावेस गरिएको छ। जस्तै : क) जलवायु परिवर्तन न्यूनीकरण -उपल्लो तटिय क्षेत्रमा वन क्षतिको संवेदनशिल क्षेत्र (Hotspots), ख) जलवायु परिवर्तन अनुकूलन कार्यक्रम मध्य तटिय र तल्लो तटिय क्षेत्रमा । प्रत्येक पुनर्स्थापना प्याकेज कार्यक्रममा विभिन्न पक्षहरु समावेश गएिको छ , जस्तै : संवेदनशिल क्षेत्रको प्रमुख कारकहरूको सामान्य विवरण, संवेदनशिल हुनाको अन्तर्निहित कारणहरू र यसका प्रभावहरूलाई सम्बोधन गर्नका लागि विभिन्न कियाकलाप, प्रतिफल, उपलब्धी महत्वपूर्ण पहलहरूको सूची समावेश, पुनर्स्थापना कार्यक्रम प्याकेजहरूको रणनीतिक कार्यान्वयनहरु, कार्यान्वयन गर्नको लागि ५ वर्षीय बजेट योजनाका पहलहरू, अनुगमन योजनाहरू, कार्यान्वयनको सम्भाव्यता र संक्षिप्त सुरक्षा सावधानीको विश्लेषण, आदि ।

पुनर्स्थापना कार्यक्रम प्याकेजहरूको कियाकलापको थप विस्तृत विवरण Excel Data sheet / GIS Data मा समावेश गरिएको छ । Data sheet मा चुरे उत्थानशील आयोजना (BRCRN) को वजेट प्राथमिकतामा परेका र नपरेका दुवै किसिमका कार्यक्रमहरु समावेश गरिएको छ । अन्य सवंधित सरोकारवालाहरुलाई पुनर्स्थापना कार्यक्रमहरु कार्यान्वयन गर्न सहज हनेछ भनि त्यस्ता कार्यक्रमहरु चुरे उत्थानशील आयोजनाको वजेट प्राथमिकतामा नपरेको भएतापनि Data sheet समावेश गरिएको छ ।

**पुनर्स्थापना प्याकेज र प्रमुख गतिविधिहरूको संक्षिप्त झलकहरू निम्न रहेकाछन् ।**

**पुनर्स्थापना प्याकेज कार्यक्रम १: वन पुनर्स्थापना र नदी तटिय खालि जमिनमा वृक्षारोपण**

क) क्षयीकरण तथा क्षतिग्रस्त वनको सम्भावित स्थनिय रूख प्रजातिहरू संवर्धन तथा वृक्षारोपण ।

ख) प्राकृतिक पुर्नउत्पादन व्यवस्थापन - प्राकृतिक पुनरुत्पादन सहयोग (Assisted Natural Regeneration)

- झारपात, सरसफाई र सुधारहरू (झार तथा जमिनको पात पतिङ्गर सरसफाई,) मार्फत वन डडेलोको जोखिम कम गर्ने (लगभग ३२ किमी);

ग) नदी किनारा र थिग्रान तथा खाली जग्गामा (जम्मा ८२७ हेक्टर ) वृक्षारोपणमा तारबार लगाउने कार्यक्रम । जसमध्ये, सामुदायिक जमिन वृक्षारोपण (Community Plantation) (६४५ हेक्टर), प्रदर्शन वृक्षारोपण (Demonstration

Plantation) (३९ हेक्टर), नदी तटिय वृक्षारोपण (Riparian Plantation) (४७ हेक्टर), र निजिजग्गा वृक्षारोपण ( Woodlot Plantation) (९५ हेक्टर) ।

घ) महिला र सीमान्तकृत समुदायहरूकोलागि प्राथमिकता दिदै वैकल्पिक ऊर्जा स्रोतहरूको लागि सहजिकरण ।

ङ) नदीजन्य सामग्रीको उत्खनन् तथा दिगो व्यवस्थापन र व्यवस्थित अनुगमनकोलागि स्थानीय सरकारको क्षमतामा अभिवृद्दी निमार्ण कार्यक्रम ।

**पुनर्स्थापना प्याकेज कार्यक्रम २: माटो र पानी मूहान संरक्षण**

क) बायो-इन्जिनियरिङ् र वनस्पतिजन्य उपाय मार्फत पहिरोको उपचार जोखिम न्यूनिकरण (३१ साइटका पहिरो) ।

ख) खहरे र खोल्सीको स्थरीकरण तथा नियन्त्रण (१८ टोरेन्टहरू -खोल्सी)

ग) विभिन्न स्थानमा नया पोखरी निर्माण (७ पोखरी)

घ) हाल भएका पोखरीहरूको सुधार तथा संरक्षण (३ पोखरी)

ङ) सिमसार क्षेत्र सुधार तथा सुन्दरीकरण (२ स्थानहरू)

च) पानी संकलन संरचना निर्माण (२ स्थान)

छ) नदी नियन्त्रण तथा जोखिम स्थिरीकरण (१९ किमी)

ज) जल तथा माटो संरक्षण अभ्यासको लागि क्षमता अभिवृद्दी निर्माण (सीपमा आधारित तालिम, अभिमुखीकरण र प्रदर्शन भ्रमण, सफलताका कथाहरू सङ्कलन तथा सिकाई) ।

**पुनर्स्थापना प्याकेज कार्यक्रम ३: कृषि-वन प्रणाली**

क) नदी किनारको सम्भावित क्षेत्रमा (लगभग १८१ हेक्टर) कृषि-वन प्रणाली अपनाउने र कृषि वन नर्सरी स्थापना गरी पशुपालन प्रवर्द्धनसँग जोड्ने - स्थानीय घाँसपात प्रजातिहरूमा केन्द्रित हुने ।

ख) कृषि-वन प्रवर्द्धनको लागि सिँचाइ सुविधाको उपलब्ध गराउने ।

ग) यदि हाल कुनै कृषि-वन समूह अवस्थित छैन भने कृषि-वन समूह ( Agroforestry group) गठन गर्ने ।

घ) कृषि-वन प्रवर्द्धनकोलागि संस्थागत सहयोग सम्बन्धी क्षमता अभिवृद्धि तालिम ।

**पुनर्स्थापना प्याकेज कार्यक्रम ४: जलवायु उत्थानशील कृषि तथा भूमि उपयोग अभ्यासहरू**

क) कृषक पाठशालाको स्थापना तथा संचालन ।

ख) जलवायु उत्थानशील प्रविधिको प्रयोग गरी सिँचाइ सुविधाको लागि पानीको स्रोतको संरक्षण र उपयोगको ।

ग) जलवायु उत्थानशील कृषि (कम्पोष्टिङ, मल्चिङ, पानी रिटेन्सन प्रविधि), पशुधन व्यवस्थापन, वन्यजन्तुको खतराबाट खेतीयोग्य जमिनको संरक्षण र मौसमसम्बन्धी जानकारीको प्रयोगसम्बन्धी क्षमता विकास तालिमहरू तथा तालिम ।

**पुनर्स्थापना प्याकेज कार्यक्रम ५: लैङ्गिक समावेशी शासन**

क्षमता अभिवृद्धि सम्बन्धी गतिविधिहरुः

क) लैङ्गिक उत्तरदायित्व र महिला सहभागिता, पहुँच, नियन्त्रण र नेतृत्व सुनिश्चित गर्न स्थानीय स्तरमा लैङ्गिक सम्बन्धी अभिमुखीकरणमा समर्थन

ख) लैङ्गिक उत्तरदायी शासनमा उत्कृष्ट अभ्यासहरू र शिक्षाहरू उत्पादन र प्रकाशित गर्न समर्थन,

ग) NRM र CRLUP मा महिलाको योगदान र संलग्नतामा छिटो मूल्याङ्कन गर्ने

घ) स्थानीय सरकार र CBOs लाई लैङ्गिक मूलप्रवाहकरण तालिम/कार्यशालाहरू प्रदान गर्ने ।

ङ) GESI केन्द्रित सामाजिक लेखा परीक्षण र सार्वजनिक सुनुवाई सञ्चालन गर्ने ।

यो योजना, नदी प्रणाली स्तरको योजना भएकोले, यसमा समावेस भएका पुनर्स्थापना कार्यक्रम प्याकेजहरु उपल्लो र तल्लो तटिय क्षेत्र प्राकतिक सम्बन्धहरूलाई सुधार गर्न र नदी प्रणालीमा भएका पारिस्थितिकिय प्रणालीसंग सम्वधित समस्याहरूलाई, यस परियोजनाका सिमिततामा आधारित भएर सम्बोधन गर्न निर्माण गरिएको हो । चुरे उत्थानशील आयोजनाका दस्तावेजले गरेका निर्देशन अनुसार यस योजनामा भएका पुनर्स्थापना प्याकेजहरुले विशेषतः उपल्लो र मध्य तटिय क्षेत्रमा गरिने पुनर्स्थापना कार्यक्रमले तल्लो तटिय पारिस्थीतिकिय प्रणालीमा सकाुमक परिवर्तन ल्याउने अपेक्षा गरिएको छ ।

लखनदेही नदी प्रणालीको सम्वन्धमा , पुनर्स्थापना प्याकेज कार्यक्रम १: वन पुनर्स्थापना र नदी तटिय खालि जमिनमा वृक्षारोपण र पुनर्स्थापना प्याकेज कार्यक्रम २: माटो र पानी मूहान संरक्षण अन्तर्गतका अधिकांश गतिविधिहरू उपल्लो र मध्य तटिय क्षेत्रमा केन्द्रित छन् जहाँ चुरे क्षेत्रका भिरालो जमिन पर्दछन र उक्त क्षेत्रमा वन र माटो धेरै क्षयीकरण र तथा हानि भएको पाइन्छ । उपल्लो तटिय क्षेत्रमा पर्ने भिरालो जमिनमा वन र माटोको क्षयीकरणलाई नियन्त्रण गर्न , पुनर्स्थापना प्याकेज कार्यक्रम १ र पुनर्स्थापना प्याकेज कार्यक्रम २ ले पारिस्थितिक प्रणालीको संवेदनशिलतालाई सुधार तथा व्यवस्थापन हुनेछ , र जसले गर्दा नदी प्रणालिको तल्लो तटिय क्षेत्रहरूमा sedimentation कम हुनेछ । र जसको कारणले मध्य र तल्लो तटिय क्षेत्रहरूमा भएका क्षतिग्रस्त कृषि जमिनको उर्बरा शक्तीमा वृद्दी हने र जमिनको पारिस्थितिकिय प्रणालीमा सुधार हुने र बाढीजन्य मैदानहमा बाढीको जोखिम कम हुने अपेक्षा गरिएको छ । यस अर्थमा पुनर्स्थापना प्याकेज कार्यक्रम निर्माणले उपल्लो र तल्लो तटिय क्षेत्रका सम्बन्धहरूलाई थप वलियो बनाउन सक्ने अपेक्षा पनि गरिएको छ ।

# Contents


कार्यकारी सारांश......3

खण्ड १: परिचय......1

१.१ पृष्ठभूमि......1

१.२ संवेदनशिल पारिस्थीतिकिय प्रणालीको पुर्नस्थापना योजनाको CERP) महत्व......1

१.४ नदी प्रणाली र परिस्थीतिकिय प्रणाली पुनर्स्थापना......2

१.५ CERP को आधार स्थानीक योजना (Spatial Planning)......3

१.६ CERP मा न्यूनीकरण र अनुकूलनका पक्ष......5

खण्ड २: लखनदेही नदी प्रणालीको परिचय......8

२.१ भौगोलिक अवस्था, भू-उपयोग तथा प्रयोग र जलवायु......8

२.२ जलवायु अवस्था तथा तथ्याङ्क  (Climate Variables)......10

२.३ सामाजिक-पारिस्थितिक प्रक्रिया (Socio-ecological process)......11

२.४ समस्या विश्लेषण......11

२.४.१ वन विनाश तथा क्षयीकरणका प्रत्यक्ष कारक तत्व तथा अन्तरनिहित कारणहरु......11

२.४.२ संवेदनशिल वन क्षतिको क्षेत्र (बहु-मापदण्ड विश्लेषण परिणाम नक्सा १)......14

२.४.३ कार्बन संचितकोलागि वन वृद्धि क्षेत्र -: बहु-मापदण्ड विश्लेषण परिणाम नक्सा २......16

विषयगत क्षेत्र २: जलवायु परिवर्तन अनुकूलन......18

२.४.४ सङ्कटासन्नता पारिस्थितिकीय प्रणाली र समुदायका प्रत्यक्ष कारक तत्व तथा अन्तरनिहित कारणहरु......18

२.४.५ सङ्कटासन्नता पारिस्थितिकीय प्रणालीहरूको संवेदनशिल (बहु-मापदण्ड विश्लेषण परिणाम नक्सा ३)......22

२.४.६ लैङ्गिक समानता र सामाजिक समावेशिकरण र जनजाती संग सम्बन्धित वन क्षति र सङ्कटासन्न पारिस्थितिकीय प्रणालीहरूका विशेष मुद्दाहरू......24

२.५ समाधान विश्लेषण......25

२.५.१ जलवायु परिवर्तन न्यूनीकरण :वन ह्रास र क्षयिकरणको समाधान विश्लेषण......25

२.५.२ जलवायु परिवर्तन अनुकूलनः समाधान विश्लेषण......29

२.५.३ योजनाबद्ध कार्यक्रम प्याकेजहरुको (बहु-मापदण्ड विश्लेषण परिणाम नक्सा ४ ):......33

२.५.४ समाधान गतिविधिहरूमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण (Gender Equality Social Inclusion ) र आदिवासी जनजाति (Indigenious People) का मुद्दाहरूको मूलप्रभाविकरण......35

खण्ड ३. समग्र अवलोकन र निष्कर्षहरू......36

खण्ड ४: लखनदेही नदी प्रणालीको क्रियाकलाप प्याकेजहरू (Intervention Packages)......37

कार्यक्रम प्याकेज १ : क्षति वन पुनर्स्थापना र नदी तटिय खालि जमिनमा वृक्षारोपण......38

कार्यक्रम प्याकेज २: माटो र पानी-मुहान संरक्षण......52

कार्यक्रम प्याकेज ३: कृषि -वन प्रणाली......60

कार्यक्रम प्याकेज ४: जलवायु उत्थानशील कृषि तथा भूमि उपयोग अभ्यासहरू......65

कार्यक्रम प्याकेज ५ : वकालत अभियानः लैङ्गिक समावेशी शासन......72

अनुगमन र प्रतिवेदनः ........................................................................................................................ 74
अनुसूचिहरु ........................................................................................................................ 78

# खण्ड १: परिचय
## १.१ पृष्ठभूमि

नेपालको पूर्व देखि पश्चिमसम्म फैलिएको कुल क्षेत्रफलको १३.६% भूभाग चुरे श्रृंखलाले ओगटेको छ जसमा ३६ जिल्लाहरू पर्दछन् र यस क्षेत्रमा देशको कुल जनसंख्याको लगभग ६०% जनसंख्याको बसोबास रहेको छ (NAST, 2012)। यस चुरे क्षेत्रले जैविक विविधता, जीवाश्मा, र एसियाली जीवजन्तुको विकासमा ज्ञानको लागि आधार प्रदान गर्ने महत्वपूर्ण सामाजिक, पारिस्थितिकीय वातावरणीय र प्यालेइनटोलेजिकल मानहरू महत्वपुर्ण रहेको छ । तराईको समतल जमिनमा पानी पूर्नभरण अर्थात रिचार्जकोलागि भावर क्षेत्र महत्वपुर्ण रहेको छ । तर यस क्षेत्रमा नयाँ बस्तीहरू, सडक सञ्जाल र शहरीकरणले पानी जमिनभित्र सोस्ने क्षमतामा बाधा पुऱ्याइरहेको छ जस्ले गर्दा तराईको समतल क्षेत्रमा बाढी तथा डुवानको जोखिम बढ्न मद्दत पुगिरहेको छ । चुरे र भावर क्षेत्र महत्वपूर्ण हुदाहुदैपनि, बढ्दो चरिचरणको चाप, काठ तस्करी, अवैध रुख कटान आदि कारणले पनि चुरे क्षेत्रको प्राकृतिक र जैविक सेवाहरु डरलाग्दो दरमा घट्दै गएको छ । फलस्वरूप, यी मानवजन्य कारकहरूले माटोको जैविक विविधताको हानि, बाढीले नदीको किनार काट्ने र खेतीयोग्य जमिनको उत्पादकत्व घटाउनुको साथै गरिवीको संख्या वढ्न जानु र भूमिको गुणस्तरमा थप क्षय भएको अवस्था भएको पाईन्छ ।

हालका वर्षहरूमा पारिस्थितिकीय प्रणालीमा क्षयीकरणको संचयसँगै, नयाँ विचार र अवसरहरूसंग पारिस्थितिक प्रणाली पुनर्स्थापना तर्फका दृष्टिकोणहरू उल्लेखनीय रूपमा बढेका छन् ( (Choi, 2007; Davis and Slobodkin, 2004))। पारिस्थीतिकिय प्रणाली पुर्नस्थापना एक जानाजानी गरिने गतिविधि हो जसले यसको स्वास्थ्य, अखण्डता र दिगोपनको सन्दर्भमा पारिस्थितिक प्रणालीको पूर्नलाभको लागि प्रारम्भीक गति दिन्छ (SER, 2004)। पारिस्थीतिकिय प्रणालीहरू मानवीय गतिविधिहरूको प्रत्यक्ष वा अप्रत्यक्ष परिणामको रूपमा पतन, क्षतिग्रस्त, रूपान्तरण वा पूर्ण रूपमा नष्ट भएका छन् । कतिपय अवस्थामा, परिस्थीतिकिय प्रणालीमा परेका नकारात्मक प्रभावहरूले पहिरो, खडेरी, भू-क्षय, डडेलो, बाढीजस्ता घटनाहरू बढेका छन्, जसले गर्दा परिस्थीतिकिय प्रणाली आफ्नो पूर्वस्थिति वा यसको ऐतिहासिक विकास पथमा पुनः प्राप्ति हुन सक्दैन ( SER, 2004)।

## १.२ संवेदनशिल पारिस्थीतिकिय प्रणालीको पुर्नस्थापना योजनाको CERP) महत्व

समग्र CERP को निर्माण "परिवर्तनको सिद्धान्तको " दृष्टिकोणमा आधारित छ । "उपलब्ध प्रमाणहरूको आधारमा कारणगत सम्बन्धमा चित्रण गर्दै, कार्यक्रमका समुहहरूले विशिष्ट विकास परिवर्तनको लागि नेतृत्व गर्ने अपेक्षा गर्नु नै परिवर्तनको सिद्धान्त हो । परिवर्तनको सिद्धान्तले समस्याका कारणहरूलाई प्रभावकारी रूपमा सम्बोधन गर्न समाधानहरू पहिचान गर्न मद्दत गर्दछ र प्रष्ट निर्णयहरू लिन मार्गदर्शन गर्दछ । परिवर्तनको सिद्धान्तले नदी प्रणाली स्तरमा CERPको अनुगमन तथा मुल्याङ्कन प्रक्रिया बुझ्न र पुन: अवलोकन गर्न महत्वपूर्ण हुने अन्तर्निहित अनुमानहरू र जोखिमहरू पहिचान गर्न पनि मद्दत गर्दछ ।

## १.३ संवेदनशिल पारिस्थीतिकिय प्रणालीको पुर्नस्थापना योजना र परिवर्तनको सिद्धान्त

समग्र CERP को निर्माण "परिवर्तनको सिद्धान्तको " दृष्टिकोणमा आधारित छ । "उपलब्ध प्रमाणहरूको आधारमा कारणगत सम्बन्धमा चित्रण गर्दै, कार्यक्रमका समुहहरूले विशिष्ट विकास परिवर्तनको लागि नेतृत्व गर्ने अपेक्षा गर्नु नै परिवर्तनको सिद्धान्त हो ।

परिवर्तनको सिद्धान्तले समस्याका कारणहरूलाई प्रभावकारी रूपमा सम्बोधन गर्न समाधानहरू पहिचान गर्न मद्दत गर्दछ र प्रष्ट निर्णयहरू लिन मार्गदर्शन गर्दछ। परिवर्तनको सिद्धान्तले नदी प्रणाली स्तरमा CERPको अनुगमन तथा मुल्याङ्कन प्रक्रिया बुझ्न र पुनः अवलोकन गर्न महत्वपूर्ण हुने अन्तर्निहित अनुमानहरू र जोखिमहरू पहिचान गर्न पनि मद्दत गर्दछ ।




(स्रोतः CERP म्यानुअल, २०२१)

चित्र १: परिवर्तनको सिद्धान्तको विश्लेषणसँग कारण सम्बन्धहरू स्थापना गर्दै

## १.४ नदी प्रणाली र परिस्थीतिकिय प्रणाली पुनर्स्थापना

नदी प्रणाली भनेको खोला खोल्सी र समग्र पानीढल ले ओगटेको क्षेत्र भन्ने वुझिन्छ , जहाँ सबै नदी र सहायक नदीहरू जम्मा भएर एक साझा स्थानवाट निकास हुन्छन्। चुरे उत्थानशिल आयोजनाले राष्ट्रपति चुरिया गुरु योजनाले पहिचान र चित्रण गरिएको नदी प्रणालीको सीमाहरुलाई नै पालना गर्दछ (PTCMDB २०१७)। चुरे नदी प्रणालीलाई यसको भू-रूप (landform) र नदीको भू-आकृती (Geomorphology) को आधारमा चित्रमा देखाए अनुसार तीन क्षेत्रमा विभाजन गर्न सकिन्छ (चित्र २)। थेग्रान(sediment) उत्पादनको प्रमुख स्रोत उपल्लो तटिय क्षेत्रले थेग्रान संकलन उत्पादन क्षेत्रको रूपमा कार्य गर्दछ (जोन १)। मध्य तटिय क्षेत्र जहाँ नदीहरूले आफ्नो वग्ने वाटो घुमाउरो अवस्थामा हुने र नदीको किनार काट्ने र कटान निम्त्याई डुवान क्षेत्रको वृद्दी गराउने गर्दछ (जोन २) । तल्लो तटिय क्षेत्र जहाँ थेग्रान फैलिएको र नदीले डेल्टा बनाउने र ठूलो बाढी निम्त्याउने र अन्तमा यसले गर्दा नदीको सतह बढ्दछ (जोन ३)।




चित्र २: माथिल्लो र तल्लो जलाधार तीन क्षेत्रमा विभाजन

पारिस्थीतिकिय प्रणाली पुनर्स्थापना भनेको क्षयीकरणलाई रोक्ने र पूर्नस्थापना गर्ने प्रक्रिया हो, जसको परिणामस्वरूप परिस्थीतिकिय प्रणालीका सेवाहरूमा सुधार हुन्छ र र जैविक विविधतालाई समृद्ध वनाउन सहयोग गर्दछ ।

यसका मुख्य तीन लक्ष्यहरू छन् :

क) पारिस्थितिक प्रणालीको क्षयीकरण रोक्न र पुनर्स्थापनाकालागि विश्वव्यापी, क्षेत्रीय, राष्ट्रिय र स्थानीय प्रतिबद्धताहरू र कार्यहरू बढनेछन ।

ख) सफल पारिस्थितिकीय प्रणाली पुनर्स्थापनाका धेरै फाइदाहरूको वारेमा हाम्रो समाजको बुझाइ बढनेछ ।

ग) यो ज्ञानलाई हाम्रो शिक्षा प्रणालीमा र सबै सार्वजनिक र निजी क्षेत्रको निर्णय प्रक्रियामा लागू हुनेछ ।

CERP ले नदी प्रणाली तहमा कार्यक्रमहरु योजनामा केन्द्रित भई पारिस्थितिकीय प्रणालीको पुनर्स्थापना भू-परिदृश्य स्तरमा हासिल गर्दछ । संयुक्त राष्ट्र संघको पारिस्थितिकीय प्रणाली पुनर्स्थापनाका दशक २०२१-२०३० सिद्धान्तहरूसँग पनि यो योजना तालमेल गरिएको छ ( FAO, IUCN CEM and SER. 2021) ।

## १.५ CERP को आधार स्थानीक योजना (Spatial Planning)

CERP को निर्माण प्रक्रियामा नक्साङ्कन र स्थानीय अवस्थाको विश्लेषण महत्वपूर्ण रहेकोछ । नक्सा र स्थानीक विश्लेषण प्रायः भौगोलिक सूचना प्रणाली, रिमोट सेन्सिङ, डेस्कमा आधारित अनुसन्धान र स्थलगतकार्यको संयोजनबाट गएिको हुन्छ । प्रष्ट देखिने गरि निर्माण गरिएको ठूला-ठूला नक्साहरूलाई सहभागितमुलक कार्यशाला गोष्ठीहरूमा छलफल गरिएको थियो । र योजना निर्माण टोलीद्वारा नयाँ नक्साहरूलाई थप सहभागीता मुलक रुपलले विश्लेषण वा कार्यान्वयनको लागि अन्तिम CERP को अन्तिम स्वरुप दिन सकिएको थियो (चित्र ३)।

नदी प्रणालीहरूमा भूउपयोग परिवर्तन (Landuse change)मा जलवायु जन्य प्रकोपको प्रभाव र जलवायु तत्वहरु समिक्षा गर्दै स्थानीक बहु-मापदण्ड विश्लेषण (Spatial Multi Criteria Analysis) विधि प्रयोग गरी यस योजनाको निर्माण प्रकृया प्रारम्भिक मूल्याङ्कनबाट सुरु गरिएको हो । समस्या र समाधान-वृक्ष विश्लेषण कार्यशालाहरू मार्फत सरोकारवालाहरुको सहभागीतामा कार्यक्रमहरु निर्माण गरि योजना निर्माण र प्रमाणीकरण गरिएको हुन्छ र सो कार्य यस योजना निर्माणमा गरिएको थियो । सरोकारवालाहरूले संवेदनशिल पारिस्थितीकिय नक्सालाई आधारको रूपमा प्रयोग गरि समस्या कार्यहरु गरिन्छ र यो योजना निर्माण गर्दा निम्न आयमहरुलाई समावेश गरिएको थियो । जस्तै : समाधान साइटहरूको सीमाङ्कन गर्न, साइट भ्रमणहरू सञ्चालन गर्न, कार्यक्रमहरू पहिचान गर्न, उपयुक्तता विश्लेषण, सुरक्षा विश्लेषण, अनुगमन प्रकृया र सूचकहरु निर्माण गर्न र पुनर्स्थापना योजनाकोलागि प्रभावकारी कार्यक्रम र सोहि अनुसार बजेट पहिचान गर्न ।

| | |
|---|---|
| **नक्साङ्कन तयारी**<br><br>- राष्ट्रिय स्तरको तथ्याङ्क सङ्कलन<br><br>- रिमोट सेन्सिङ तथ्याङ्क<br><br>- आधार  तथा अन्य नक्सा तयारी |  |
| **स्थानीक विश्लेषण** (**Spatial Analysis**)<br><br>- बहु-मापदण्ड विश्लेषण<br><br>- संवेदनशिल नक्सा नक्साङ्कन **सहभागीमुलक स्थानीक योजना निर्माण**<br><br>नक्सामा आधारित सरोकारवाला योजना | <br> |

चित्र ३: लखनदेही नदी प्रणालीमा स्थानीक योजनाको अधारमा CERP निर्माण

## १.६ CERP मा न्यूनीकरण र अनुकूलनका पक्ष

तलको ग्राफिक्सले न्यूनीकरण (Mitigation_ र अनुकूलन (Adaptation_ को तर्क प्रदर्शन गर्दछ । र वन तथा वातावरण मन्त्रालयद्वारा (MoFE) अनुमोदित CERPको म्यान्युलले निर्देशित गरे अनुसार विषयवस्त (Themes), चर ( variables), प्रक्रिया (Process) र परिणामहरूको (Results) सावधानीपूर्वक छनौट गरिएको थियो (चित्र ४)।,




चित्र ४: बहु-मापदण्ड विश्लेषण (MCA) प्रक्रिया

यस योजनामा नदी प्रणालीका समस्याहरू विशेष गरी जलवायु परिवर्तन संग सम्वन्धित भएर विषेश गरि दुई विषयगत शिर्षकमा केन्द्रित गरिएका छ। जस्तै : १. जलवायु परिवर्तन न्यूनीकरण : वन विनाश तथा वन क्षयीकरण र २..जलवायु परिवर्तन अनुकूलन: कृषि, पशुधन व्यवस्थापन, र जलवायु-जन्य विपद् जोखिम, सडकट्टासन्न समुदाय, र पारिस्थतीकिय प्रणाली । समस्या वृक्ष कार्यशाला गोष्ठिमा सहभागिहरुलाई दुई कार्य समुहमा विभाजन गरिएको थियो । प्रत्येक कार्य समूहमा माथि उल्लेखित विषयसंग सूचीवद्ध समस्याहरू र कारकतत्वहरूलाई जोडी-मिलाएर प्राथमिकिकरण (Pair-

wise Ranking ) टेम्प्लेट प्रयोग गरि प्राथमिकता गरिएको थियो । नदी प्रणालीसँग सम्बन्धित लैङ्गिक र जनजातिका मुद्दाहरूको सन्दर्भमा पनि छलफल र अन्तरक्रिया गरियो थियो । समुदायवाट छलफल गरि आएको विषयमा (Themes) नदी प्रणाली स्तरको दुई दिने विज्ञ समूह परामर्श कार्यशाला गोष्ठिमा व्यापक छलफल गरि अन्तिम रूप दिएको थियो ( तालिका १) ।

तालिका १: बहु मापदण्ड इसप्यसल विश्लेषण (MCA) को लागि इनपुट डेटाको रूपमा मानिने चरहरू

| **क.म** | **विषयवस्तु** | **सूचकहरू** | **उपलब्धताको सन्दर्भमा** | **भौगोलिक सूचना सम्वन्धित तथ्याङ्क प्रकार/विशेषता** | **श्रोत** |
|---|---|---|---|---|---|
| १ | जलवायु परिवर्तन न्यूनीकरण | वन विनाश क्षेत्र | वनको क्षति भएको<br>वन वृद्दि भएको | पोलिगन | Hansen |
| | | वन क्षयीकरण क्षेत्र | छ<br>छैन | पोलिगन | Google Earth Imageries (2021) |
| | | वन डडेलो | छ<br>छैन | बिन्दु | MODIS |
| | | काठ दाउरा संङ्कलन | खाना पकाउनका लागि दाउरा प्रयोग गर्ने घरपरिवार | पोलिगन | CBS, 2011 |
| | | वन पहिरोको जोखिममा परेको | नदी प्रणालीमा आधारित कभरेज क्षेत्रको सन्दर्भमा पहिरो सूची:<br>उच्च<br>मध्यम<br>कम | पोलिगन | Google Earth Imageries (2021) |
| | | संवर्द्धन क्षेत्र | पोखरी क्षेत्रहरू: पोखरी अवस्थित छ<br>कुनै पोन्ड छैन | पोलिगन | PCTMCDMP (PCTMCDB, 2016) |
| | | | परित्याग गरिएको खेती गरिएको भूमि र रिभरबेड | पोलिगन | DoS, 1996 |
| २ | जलवायु परिवर्तन अनुकूलन | भिरालो क्षेत्रमा कृषि भूमि | भिरालो जमिन तीन वर्गमा रहेको :<br>$<२०^0$<br>$२०-३०^0$<br>$>३०^0$ | रास्टर | ASTER<br><br>(DEM 30m resolution) |
| | | पहिरोको जोखिममा कृषि क्षेत्र | नदी प्रणालीमा आधारित कभरेज | पोलिगन | Google Earth Imageries (2021) |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | क्षेत्रको सन्दर्भमा<br>पहिरो सूचीः<br>उच्च<br>मध्यम<br>कम | | |
| | | बाढीको जोखिममा कृषि क्षेत्र | बाढी संवेदनशीलताः<br>धेरै उच्च (नदी)<br>उच्च<br>मध्यम | रास्टर | PCTMCDMP (PCTMCDB, 2016) |
| | | भूमि क्षमता | ८ वर्गमा भूमि | पोलिगन | Soil and Terrain Database (SOTER) (FAO, 2009) |
| | | पहिरोको जोखिममा परेको बस्ती | बस्ती क्षेत्र अवस्थित छ<br>गैर-बस्ती क्षेत्र अवस्थित छ | पोलिगन | Maps.qed.ai |
| | | बाढीको जोखिममा परेको बस्ती | बस्ती क्षेत्र मा<br>बाढी संवेदनशीलताः<br>धेरै उच्च (नदी)<br>उच्च<br>मध्यम | रास्टर | Maps.qed.ai |
| | | पहिरोको प्रकोप सूची | पहिरो सूचीः<br>उच्च<br>मध्यम<br>कम | रास्टर | PCTMCDMP (PCTMCDB, 2016) |
| | | बाढीको प्रकोप | बाढी संवेदनशीलताः<br>धेरै उच्च (नदी)<br>उच्च<br>मध्यम | रास्टर | PCTMCDMP (PCTMCDB, 2016) |
| | | घर संरचना | सूचकांकहरू | पोलिगन | CBS, 2011 |
| | | महिला साक्षरता (लिङ्ग) | सूचकांकहरू | पोलिगन | CBS, 2011 |

# खण्ड २: लखनदेही नदी प्रणालीको परिचय

## २.१ भौगोलिक अवस्था, भू-उपयोग तथा प्रयोग र जलवायु

लखनदेही नदी प्रणालीमा निम्न प्रमुख सहायक नदीहरू रहेका छन् चापानी, अत्रौली र बाउने । यस नदी प्रणालीको नदी नेटवर्क नक्सा सहित विभिन्न विषयगत नक्साहरू यस योजनामा समावेस गरिएकोछ (अनुसूची १) ।

यस लखनदेही नदी प्रणालीमा तीन भौतिक क्षेत्रहरू समेटिएको छ, जस्तै चुरे क्षेत्र ११,६१० हेक्टर (२४%), भाबर ११,४२० हेक्टर (२४%), र तराई २४,५९५ हेक्टर (५२%) ( DoS, 1996) । यस नदी प्रणालीको कुल क्षेत्रफल लगभग ४७,६२५ हेक्टर रहेको छ (चित्र ५) । लखनदेही नदीको कुल लम्बाइ नदी प्रणालीको आयोजना सीमाभित्र ७४.८६ किलोमिटर रहेको छ । ५५६ मिटरको उचाइमा मेथे खोला र २८८ मिटरको उचाइमा मदार खोला मिलेर लालबन्दी नगरपालिका-१४ चुरे क्षेत्रमा लखनदेही नदी बनेको हो । यो नदी तराईको समतल हुँदै भाडसरमा रहेको नेपाल-भारत नाका हुँदै जान्छ । नदी प्रणाली क्षेत्र सबैभन्दा ठूलो बाढीबाट पीडित भयो, उदाहरणका लागि, १९९७ मा सबैभन्दा ठूलो बाढी ।

यस नदी प्रणालीमा subtropical मिश्रित प्रजातिहरू हार्डवुड जङ्गल-प्रवल रहेको छ । जस्तै जस्तै : साल ( *Shorea robusta* ), अस्ना ( *Terminalia tomentosa*), कर्मा ( *Adina cordifolia* ) जामुन ( *Syzygium cumini* ), हर्रो (*Terminalia chebula*), वर्रो (*Terminalia bellirica*), र तल्लो जमिनको वन सिसौ ( *Dalbergiaa sissoo*), खयर ( *Acacia catechu* ), सिमल ( *Bombax ceiba* ) आदि ।




चित्र ५: लखनदेही नदी प्रणालीको आधार नक्शा

यस नदीको पहाडी झुकाव तल्लो शिवालिक र मध्य शिवालिकले मिलेर बनेको छ (DMG, 2007)। लखनदेही नदी प्रणालीको तल्लो तटिय क्षेत्रमा मडस्टोन, स्याण्डस्टोन र सिल्टस्टोनको मिश्रण रहेको छ। त्यसैगरी, मध्य तटिय क्षेत्रमा मडस्टोन, स्याण्डस्टोनको उच्च अनुपातमा रहेको छ। बाक्लो, कडा र प्रतिरोधी बालुवा ढुङ्गाहरूको उच्च अनुपातमा चुरिया क्षेत्रमा छ र उक्त क्षेत्र उच्च रीलिफ र अति भिरालो सतहीको रुपमा रहेको छ। थ्रस्ट र फल्ट लाइनको सानो भाग नदी प्रणालीमा अवस्थित छ (चित्र ६)।




चित्र ६: लखनदेही नदी प्रणालीको भूगर्भिय अवस्था

यस नदी प्रणालीको मुख्य भूमि कृषिले ओगटेको छ र  सन् २००० सालमा कुल क्षेत्रफलको ६१.३७ % भूभाग कृषिले ओगटेको थियो, जुन १९ वर्ष (२०००-२०१९) यो क्षेत्र प्रति वर्ष ०.८ प्रतिशतको दरले घटी रहेको पाईन्छ । त्यसैगरि यस अवधिमा वन क्षेत्रले ओगटेको भूभाग पनि प्रति वर्ष ०.२७ प्रतिशतको दरले बढी रहेको छ (तालिका २) ।

**तालिका २: लखनदेही नदी प्रणालीको भूमि उपयोगमा परिवर्तनको अवस्था**

| भूमि प्रयोग | २००० | | २०१९ | | क्षेत्रफलमा परिवर्तन विगत १९ वर्षमा ( हेक्टर) | परिवर्तन दर ( % प्रति वर्ष) |
|---|---|---|---|---|---|---|
| | क्षेत्रफल ( हेक्टर) | प्रतिशत (%) | क्षेत्रफल ( हेक्टर) | प्रतिशत (%) | | |
| निर्माण क्षेत्र | ६७.२ | ०.१४ | १९५.७ | ०.४१ | १२८.४ | १०.०५ |
| कृषि | २९४६२.० | ६१.८६ | २९२२६.७ | ६१.३७ | -२३५.४ | -०.०४ |
| जङ्गल | १०९७०.६ | २३.०४ | ११५३१.३ | २४.२१ | ५६०.७ | ०.२७ |
| घाँसे मैदान | ४८२०.१ | १०.१२ | ३८९०.४ | ८.१७ | -९२९.७ | -१.०२ |
| अन्य काठजन्य भूमी | १६६.८ | ०.३५ | ६३६.२ | १.३४ | ४६९.४ | १४.८१ |
| नदीजन्य पदार्थ ओगटेको क्षेत्र | २११६.८ | ४.४४ | २०२५.२ | ४.२५ | -९१.६ | -०.२३ |
| सतहि पानीको श्रोतले ओगटेको क्षेत्र | २१.६ | ०.०५ | ११९.८ | ०.२५ | ९८.२ | २३.९३ |

## २.२ जलवायु अवस्था तथा तथ्याङ्क (Climate Variables)

यस नदी प्रणालीमा सर्लाही जिल्लामा अवस्थित छन् ।  सर्लाही क्षेत्रमा मनसुनको महत्वपुर्ण प्रभाव (जुन देखि सेप्टेम्बर सम्म) रहेको छ भने यो क्षेत्रमा उष्ण शितोष्ण (tropical) हावापानी रहेको छ, जसमा वार्षिक औसत वर्षा (१०००-१५०० मिमि) हुने गर्दछ ( DHM, 2017) । त्यसैगरि १९७५-२०१४ को अवधिको अधिकतम तापक्रमको तथ्याङ्क अनुसार सिरहा जिल्लामा ०.०१३ डिग्री सेल्सियसको दरले वार्षिक अधिकतम तापक्रम वढेको पाईन्छ  सर्लाही जिल्लाको वार्षिक औसत तापक्रम ०.८५ डिग्री सेल्सियस र १.१७ डिग्री सेल्सियसले मध्य अवधि र दीर्घकालीन अवधिमा बढ्ने प्रक्षेपण गरेको छ (तालिका ३)।

तालिका ३: जलवायु परिवर्तन परिदृश्य (MoFE, 2019)

| | | | | | |
|---|---|---|---|---|---|
| **तापक्रम** | **डी से** | **डी से** | | | |
| | **जिल्ला** | | | **आरसीपी ४.५** | |
| | सन्दर्भ अवधि (१९८१ -२०१०) | मध्य अवधि (२०१६ -२०४५) | दीघ अवधि (२०३६ -२०६५) | मध्य अवधि (२०१६ -२०४५) | दीघ अवधि (२०३६ -२०६५) |
| | २४.४ | ०.८५ | १.१७ | १.०४ | १.७७ |
| **वर्षा** | **मि मि** | **परिवर्तन (डी से)** | | | |
| | **आरसीपी ४.५** | | | **आरसीपी ८.५** | |
| | सन्दर्भ अवधि (१९८१ -२०१०) | मध्य अवधि (२०१६ -२०४५) | दीघ अवधि (२०३६ -२०६५) | मध्य अवधि (२०१६ -२०४५) | दीघ अवधि (२०३६ -२०६५) |
| | १५२९ | ४.१७ | ९.८३ | ६.८७ | १२.२७ |

त्यसैगरी, औसत वार्षिक वर्षा मध्यम र दीर्घकालीन दुवै अवधिमा परिवर्तन हुने सम्भावना छ । सिराहा जिल्लामा RCP 4.5 र RCP 8.5 को आधारमा लामो अवधिमा क्रमशः ९.८३% र १२.२७% ले बढ्ने सम्भावना छ ।

## २.३ सामाजिक-पारिस्थितिक प्रक्रिया (Socio-ecological process)

शिवालिकको एक महत्वपूर्ण क्षेत्रबाट उत्पत्ति भएको र लखनदेही नदी नेपालको सबैभन्दा बाढी प्रभावित नदीहरू मध्ये एक हो। नदी प्रणालीको भावर र समतल क्षेत्र, जहाँ घुमाउरो नदी (लगभग ५२ किलोमिटर) सन् १९९७ मा सबैभन्दा ठूलो बाढीबाट ग्रस्त भएको थियो । भावर र तराई क्षेत्रका खेतीयोग्य जमिन (लगभग ७५%) बाढीको जोखिममा छन् र यसले स्थानीय जनताको जीविकोपार्जनमा निकै प्रभाव पारेको छ । दुई वर्ष र सय वर्षको बाढीबाट क्रमशः ३२८७५ र ४७५९४ स्थानीयवासी प्रभावित हुने अध्ययनले अनुमान गरेको छ । नदी प्रणालीको उपल्लो तटिय क्षेत्रमा आदिवासी जनजाति (IPs) को प्रभुत्व छ (ADPC, २००७)। नदी प्रणालीको उपल्लो तटिय क्षेत्रमा मुख्य आदिवासी जनजाति रहेको छ। आईपीहरू सामुदायिक वन उपभोक्ताहरूको समूहमा भए तापनि तिनीहरूसँग प्रभावकारी वन व्यवस्थापनको लागि अपर्याप्त क्षमता छ । नदी प्रणालीका प्रमुख बजार केन्द्रहरू लालबन्दी, हरिपुर, बरथवा, मुर्तिया हुन्।

## २.४ समस्या विश्लेषण

## विषयगत क्षेत्र १: जलवायु परिवर्तन उत्सर्जन न्यूनिकरण

### २.४.१ वन विनाश तथा क्षयीकरणका प्रत्यक्ष कारक तत्व तथा अन्तरनिहित कारणहरु

स्थानीय उपभोक्ताको परामर्श कार्यशालामा समस्या वृक्ष विश्लेषण माध्यम वाट वन विनास तथा वन क्षयीकरणका मुख्य कारक र अन्तर्निहित कारणहरू पहिचान गरिएको थियो । उक्त पहिचान गरिएका कारक र कारणहरुलाई नदी प्रणाली स्तरमा आयोजित विशेषज्ञ परामर्श कार्यशालामा छलफल गरि प्रमाणित गरियो । त्यसैगरि सामुदायिक कार्यशाला, लक्षित समूह छलफल र महिला नेतृत्व संगठन लैङ्गिक विशिष्ट सरोकारसंग परामर्श बैठक मार्फत कारक र अन्तर्निहित कारणहरु पनि पहिचान गरियो ।  छलफल र प्रमाणित भएका कारकहरू र अन्तर्निहित कारणहरू यस योजनामा सूचीबद्ध छन् (तालिका ४)। नदी किनारा कटान र खोल्सी भू-क्षय, डडेलो, खुल्ला चरीचरण र अतिक्रमण यस नदी प्रणालीमा वन विनाशका प्रमुख कारकहरू हुन ।

तालिका ४: लखनदेही नदी प्रणालीमा वन विनास तथा वन क्षयीकरणको कारक र अन्तर्निहित कारणहरू

| **प्रत्यक्ष कारक तत्वहरु** | **प्राथमिकता** | **अन्तरनिहित कारणहरु** |
|---|---|---|
| वन डडेलो | १ | क) अग्नीरेखा र ट्रेलहरूको अपर्याप्त व्यवस्थापन<br>ख) वन रक्षकहरूको व्यवस्थापनको लागि सीमित स्रोतहरू<br>ग) उपभोक्ताहरूसँग सीमित वन डडेलो नियन्त्रण उपकरण<br>घ) सुकेका पात र हाँगाहरूको उचित व्यवस्थापनको अभ्यासको अभाव<br>(ङ) वन क्षेत्रमा र यसको वरिपरी पानीको स्रोतको अभाव<br>च) नयाँ प्रजातिहरूको उदय र<br>छ) जंगलमा आगो लागेपछि घाँसहरूको पुनरुत्थानमा उपभोक्ताहरूको अतिविश्वास<br>छ) वन व्यवस्थापनको लागि तालिम, सीप र ज्ञानको अभाव विशेष गरी महिलाहरुका लागि ।<br>ज) पुरुष र महिलाहरू बीच अपर्याप्त वन व्यवस्थापन तालिम, सीप र ज्ञान<br>।झ) गोठाला⁄ उपभोक्ताहरूको वनको सेवाको वारेमा लापरवाही र अनभिज्ञता |
| अतिक्रमण | २ | ) उपभोक्ता समूहहरूको अप्रभावी वन व्यवस्थापन शासन<br>ख) समुदायमा आधारित संस्था (सीबीओ) को निष्क्रियता<br>ग) अनौपचारिक रूपमा, राजनीतिक समर्थनले अतिक्रमणमा योगदान पु¥याउँछ।<br>घ) स्थानीय सरकार र समुदायको विचमा वन व्यवस्थापन को लागि चासोको अभाव<br>ङ) संवेदनशीलता र चेतनाको कमी |
| चोरी निकासी | ३ | क) उपभोक्ता समूहहरूको अप्रभावी वन व्यवस्थापन शासन<br>ख) वन रक्षकहरूको व्यवस्थापनकोलागि अपर्याप्त स्रोतहरू<br>ग) समुदायमा आधारित संस्था (सीबीओ) को निष्क्रियता<br>घ) स्थानीय सरकार र समुदायको विचमा वन व्यवस्थापन को लागि चासोको अभाव<br>ङ) संवेदनशीलता र चेतनाको कमी<br>च) उपभोक्ताका कार्यकारिणी सदस्यहरू र सामान्य उपभोक्ताहरू बीच समन्वयको अभाव |
| अत्यधिक दाउरा सङ्कलन तथा प्रयोग | ४ | क) अपर्याप्त वैकल्पिक ऊर्जाका स्रोतहरू<br>ख) दक्ष ऊर्जा प्रयोगमा गाईको गोबर सामग्रीलाई प्रवर्द्धन गर्न उपकरणसहितको सीप तालिमको अभाव<br>ग) दाउरा व्यवस्थापनका लागि पनि नियम र सञ्चालन योजनाहरू प्रभावकारी रूपमा सञ्चालन गर्न नसक्ने |
| खुल्ला चरीचरण | ५ | क) वैकल्पिक ऊर्जा स्रोतहरूको अपर्याप्त<br>ख) चरि चरन जग्गा विनियोजनको अभाव<br>ग) व्यवसायिक फोडर अभ्यासको अभाव |
| भैतिक निर्माण विकास | ६ | क) पूर्वाधार विकासमा स्थानीय सरकारसँग समन्वयको अभाव<br>ख) बस्ती विस्तार |

| | | |
|---|---|---|
| बहुप्रकोप -बाढी, नदी कटान, पहिरो तथा भूक्षय | ४ | क) संवेदनशिल र कमजोर भौगार्भिक अवस्था<br>ख) तीव्र र लगातार वर्षा<br>ग) व्यापक वर्षाको परिवर्तनशीलता<br>घ) नदी किनार, खोल्सी, खोलाको कटान नियन्त्रण गर्न समुदायको सीमित क्षमता |
| विदेशी प्रजातिहरूको आक्रमण | ८ | CFUGs सँग व्यवस्थापनको लागि अपर्याप्त क्षमताहरू र ज्ञान |

स्रोतः समस्या वृक्ष विश्लेषण कार्यशालामा फिल्ड परामर्श, लखनदेही नदी प्रणाली

**डडेलो**: नदी प्रणालीमा, हरेक वर्ष (मार्च देखि मे सम्म) सबै सामुदायिक वनहरूमा दुईदेखि तीन पटक डडेलोका घटनाहरू हुनेगरेका छन्। साथै, मानवीय लापरवाही गतिविधिले पनि डडेलाका घटना बढाएको छ। नदी प्रणालीमा डडेलो हुनुका अन्य अन्तर्निहित कारणहरू विभिन्न रहेका छन् : मानिसहरूको गलत धारणाहरू समावेश छन्: आगो लागेपछि नयाँ घाँस पलाउने विश्वास, वन रक्षकहरूको व्यवस्थापनका लागि सीमित स्रोतहरू; उपभोक्ताहरूसँग सीमित वन आगो नियन्त्रण उपकरणहरू; सुकेका पात र हाँगाहरू हटाउने अभ्यासहरूको अभाव; र वन र यस वरपरको पानीको स्रोतको उपलब्धतामा कमी।

**अतिक्रमण**: स्थानीय बासिन्दाका अनुसार लखनदेही नदी प्रणालीमा वन अतिक्रमण प्रचलित छ। बढ्दो अतिक्रमण, मुख्यतया वन व्यवस्थापन सुशासनमा उपभोक्ता समूहहरूको कमजोर उपस्थिती, सामुदायिक वन उपभोक्ता समूहको निष्क्रियता, अतिक्रमणमा अनौपचारिक राजनीतिक समर्थन, वन अतिक्रमण नियन्त्रणमा कमजोर र वन व्यवस्थापनमा स्थानीय सरकारको अपर्याप्त भूमिकाको परिणाम र  संवेदनशीलता र चेतनाको कमी।

**चोरी निकासी** : वन उपभोक्ता समूहहरूको कमजोर संस्थागत क्षमता, जोखिममा परेका समुदायका लागि जीविकोपार्जन र आयआर्जनका विकल्पहरूको अभाव र नदी प्रणालीमा तल्लो तटिय क्षेत्रका समुदायहरूको हस्तक्षेपका कारण ठूलो मात्रामा दाउरा काट्ने अभ्यास भइरहेको छ। त्यसैगरी वन व्यवस्थापन सञ्चालन योजनाको अपर्याप्त कार्यान्वयन, दक्ष जनशक्तिको अपर्याप्तता, बजेटको अभाव, उपभोक्ता र वन सव-डिभिजन कार्यालय बीचको समिति र अपर्याप्त समन्वय, चेतनाको कमी, लापरवाही, आयश्रोतको अभाव, उत्पादनका स्रोतहरू कमी, काठ र काठमा उच्च निर्भरता, अत्यधिक फोडर ईन्धन काठ सङ्कलन, खुल्ला चरी चरण, र यस्तै अन्य जस्ता चोरी निकासीका मूल कारणहरु हुन्।

**अत्यधिक दाउरा सङ्कलन**: स्थानीय समुदायमा खाना पकाउने र अन्य घरेलु ऊर्जा खपतका लागि वैकल्पिक ऊर्जा स्रोतको अभाव, वैकल्पिक ऊर्जा स्रोत र बायोग्यासको व्यवस्थापन गर्ने उपकरणसहितको दक्ष तालिमको अभाव, उपभोक्ताहरूमाझ दाउराको प्रभावकारी व्यवस्थापन उपभोक्ताको निर्भरता वन क्षेत्रबाट दाउरा सङ्कलन गर्ने कारणहरू हुन्।

**खुल्ला चरिचरण:** खुल्ला चरीचरण यस नदी प्रणालीको अर्को प्रमुख कारक तत्व हो। स्थानीय सरोकारवालाका अनुसार हरिवन नगरपालिका-१ र २ को राना लिन्ये टोल र बुढाथोकी टोलमा दैनिक ५ सय बाखा चर्ने गरेको छ।

**जलवायुजन्य बहु प्रकोप (एक्कासी बाढी, पहिरो, र नदी कटान)** : नदी प्रणालीको भूमि विशेषताहरू अनुसार, यसले लगभग १८ खहरेहरू (DoS, 1996 topo–sheet and Google Earth) रहेका छन्  । विशेष गरी विभिन्न सिजनमा प्रि-मनसुन (मार्च-मे) र मनसुन अवधि (जून-सेप्टेम्बर) यस  नदी प्रणालीमा ती खहरे खोल्सीहरुको संख्या र चौडाइ बढ्दै गएका र बाढी, पहिरो, र भूक्षय र नदी कटानको अवस्था वढ्दै गएको।

त्यसैगरी नदी प्रणालीमा नदीले आफ्नो वहने क्षेत्र विस्तार गर्दै बाढी, पहिरो र भूक्षयका घटना बढ्दै गएका छन्। भारी वर्षाले बाढी, पहिरो र भूक्षय बढाएको छ। यी खतरनाक घटनाहरूले यस नदी प्रणालीको वन क्षेत्रलाई ह्रास गरेको छ। यसबाहेक हरिवान नगरपालिका-१; लालबन्दी नगरपालिका-११, १२, १३, १४, १५ र कौडेना गाउँपालिका-३ मा पहिरो र भूक्षय अधिकतम देखिएको छ  (समस्या कार्यशाला र स्थलगत भ्रमणमा आधारित जानकारी, २०२२)।




चित्र ७ : लखनदेही नदी प्रणालीमा वन विनास तथा क्षयीकरणको प्रत्यक्ष कारकतत्वहरु

## २.४.२ संवेदनशिल वन क्षतिको क्षेत्र (बहु-मापदण्ड विश्लेषण परिणाम नक्सा १)

- यस नदी प्रणालीमा विगत १९ वर्ष (२०००-२०१९) मा वन क्षेत्र प्रति वर्ष ०.२७ प्रतिशतको दरले बढेको छ र खेतीयोग्य जमिन पनि प्रति वर्ष ०.०४ प्रतिशतको दरले घटेको छ। तर निर्माण क्षेत्र भने प्रति वर्ष १०.०५ प्रतिशतले वृद्धि भएको छ। (स्रोतः ICIMOD, 2000 and ICIMOD, 2019 )। यद्यपि, प्राथमिक कारक तत्वले ( चरन क्षेत्र, अतिक्रमण क्षेत्रहरू, र चोरी निकासी) गर्दा यस नदी प्रणालीको मूख्य वन क्षेत्रको क्षति विभिन्न स्थानहरूमा केन्द्रित भएको पाईन्छ। साथै, धेरै कारकहरू र अन्तर्निहित कारणहरूले वन क्षेत्रहरू घट्नमा योगदान गरेको हुन सक्छ (वन क्षेत्र क्षेति ७४४ हे), ती क्षेत्रहरु, मुख्यतया हरिवन नगरपालिका-१ र ९; हरिपुर नगरपालिका-२; लालबन्दी नगरपालिका-१, १०, ११, १३, १४ र १५ रहेका छन्।
- ठूला पहिरो र खोल्सी विस्तारले वन क्षेत्र नष्ट भएको पाईन्छ, मुख्यतयाः हरिवन नगरपालिका-१ र ९ र लालबन्दी नगरपालिका-१२ र १४। घटेको वन क्षेत्रको भौगर्भिक अवस्था कमजोर र उक्त स्थानहरुमा अति भिरालोपन रहेको पाईन्छ।
- मध्य र तल्लो तटिय क्षेत्रमा नदीको किनारास्तर द्रुत रूपमा मुख्यत विभिन्न क्षेत्रमा बढ्दैछ (उदाहरणका लागि, हरिपुर, जगतपुर, लखान्ती, गंगापुर र टिकुल्या) मा र सिल्ट डिपोजिसनले नदीको किनारलाई मानव अतिक्रमणमा पर्दाफास गर्छ।
- हरिपुर नगरपालिका-१ र २ उपल्लो तटिय क्षेत्रमा दैनिक (३००-५००) बाख्रा चराउने दरमा खुल्ला चरिचरण भएको छ। अभ्यासमा, उपल्लो तटिय क्षेत्रमा नारायण खोला जलाधारमा करिब ५००० केजी प्रति HH दाउरा एक वर्षमा संकलन हुन्छ। सङ्कलन सामान्यतया मनसुन पछिको मौसममा गरिन्छ।




चित्र ८: लखनदेही नदी प्रणालीमा वन क्षतिको संवेदनशिल नक्सा

### २.४.३ कार्बन संचितकोलागि वन वृद्धि क्षेत्र -: बहु-मापदण्ड विश्लेषण परिणाम नक्सा २

करिब ७४४ हेक्टर वन क्षेत्र ह्रास भएको र चुरेमा प्राकृतिक वन पुनरुत्पादन (Assisted Natural Regeneration) गतिविधिहरू मार्फत कार्बन संचित गर्न आवश्यक छ। विभिन्न क्षेत्रमा वन ह्रास भएको पाईन्छ : हरिवन नगरपालिका-१ र ९; हरिपुर नगरपालिका-२ र लालबन्दी नगरपालिका-१, १०, ११, १३, १४ र १५ को चापेनी खोला र नारायण खोलाको पञ्चकन्या, जयबुद्ध, शिवेश्वर, मनकामना CFUGs हरु

यस नदी प्रणाली किनारमा वृक्षारोपण लगभग ८२७ हेक्टरमा गर्न सकिन्छ। यी क्षेत्रमा विभिन्न रुपमा वृक्षारोपण गर्न सकिन्छ। जस्तैः सामुदायिक जग्गा वृक्षारोपण (६४५ हेक्टर), प्रदर्शनी वृक्षारोपण (३९ हेक्टर), नदी तटिय वृक्षारोपण ( ४७ हेक्टर), र निजि जग्गा वृक्षारोपण (९५ हेक्टर)। यहाँ, प्रदर्शन वृक्षारोपण क्षेत्र सम्भावित विभिन्न स्थानमा गर्न सकिन्छ, जस्तै : सडकको पहुँच भएको स्थान (सडकसँगै प्राथमिकता), नजिकैको समुदाय र उपभोक्ताहरूमागको प्राथमिकताको आधारमा निर्धारण गर्न सकिन्छ।




चित्र ९: लखनदेही नदी प्रणालीमा वन कार्बन संचित वृद्दी क्षेत्र

## विषयगत क्षेत्र २: जलवायु परिवर्तन अनुकूलन

### २.४.४ सङ्कटासन्नता पारिस्थितिकीय प्रणाली र समुदायका प्रत्यक्ष कारक तत्व तथा अन्तरनिहित कारणहरु

नदी प्रणालीमा रहेका संकटासन्न पारिस्थितिकीय प्रणाली र समुदायहरूको समस्याका प्रत्यक्ष कारक र अर्न्तनिहित कारणहरूको विशलेषण स्थानीय समुहरुको सहभागितामा समस्या वृक्ष कार्यशाला विश्लेषण गोष्ठिमा गरिएको थियो । समय र श्रोतको सिमिततामा ध्यान दिदै उक्त कारणहरुको वास्तविकताकोलागि स्थलगत प्रमाणीकरण समेत गरि पहिचान गरियो ।

स्थानीय समुहरुको सहभागितामा गरिएको समस्या वृक्ष कार्यशाला, लक्षित समूह छलफल र महिला नेतृत्वको संगठन लैङ्गिक विशिष्ट सरोकार, मुद्दाहरूसँग परामर्श बैठक मार्फत कारक र अन्तर्निहित कारणहरूमा व्यापक छलफल गरि कारणहरुलाई थप मिहिन रुपले पहिचान गरियो । विभिन्न कारणहरु मध्य केहि कारणहरु यी रहेका छन् : कृषि क्षेत्रमा धेरैनै ह्रास भएको , जलवायु चरम अनिश्चितता र जलस्रोतहरूमा तिनीहरूको प्रभावहरू; कृषि उत्पादन; बाली कीराहरू, कीटहरू र रोगहरू; परम्परागत पशुपालन अभ्यासहरू; बाढी, भूक्षय, र पहिरो जोखिम; कमजोर सिंचाई सुविधा; नदी-प्रेरित स्रोतहरूको निकासीमा मानवजन्य गतिविधिहरू; र क्षमता सम्बन्धी गतिविधिहरू आदि । पहिचान गरिएका प्रमुख कारक र अन्तर्निहित कारणहरूलाई सहभागीहरू मार्फत प्राथमिकरण गरिएको थियो (तालिका ५)।

तालिका ५: लखनदेही नदी प्रणालीमा सङ्कटाासन्न पारिस्थितिक प्रणाली र समुदायका कारकहरू र अन्तर्निहित कारणहरू

| प्रत्यक्ष कारक तत्वहरु | प्राथमिकता | अन्तरनिहित कारणहरु |
|---|---|---|
| कमजोर सिंचाई सुविधा | १ | क) स्रोतहरूमा पानीको अभाव पानी सुक्दै जानु<br>ख) व्यवस्थित सिंचाई पूर्वाधारको अभाव<br>ग) नदी प्रणालीका विभिन्न सहायक नदीहरूमा नियमित रूपमा बाढी आउने र नहरको हेडवर्कहरूलाई क्षति पुऱ्याउने।<br>घ) महिला, दलित र सीमान्तकृत समुदायले पहुँच, सूचना र सहयोग नपाइरहेको अवस्था ।<br>ङ) महिला, जनजाती, दलित र सीमान्तकृत व्यक्तिहरूको लागि अपर्याप्त पहुँच, सूचना र समर्थन |
| बालीमा लाग्ने कीरा र रोगको प्रकोप | २ | १. स्वस्थ बीउ छनोटको लागि सीप र ज्ञानको कमी<br>२. कीटनाशक प्रयोगमा बुझाइको कमी<br>३. समयमै विषादीको उपलब्धता नहुनु<br>४. पहुँच, सेवा र मौसमी सूचनाको अभाव, विशेष गरी महिला, दलित र जोखिममा परेका समुदाय/परिवारमा |
| माटोको उर्वरतामा ह्रास | ३ | क) नदी किनार र खेतबारीमा माटोको पोषण पुनर्स्थापना गर्न अपर्याप्त स्रोत र ज्ञान<br>ख) परिवर्तनशील वातावरणीय अवस्थाहरूमा कसरी मलको सही प्रयोग गर्ने भन्ने अपर्याप्त ज्ञान; |
| कृषि प्रणालीमा अपर्याप्त जलवायु अनुकूलन अभ्यासहरू, विशेष गरी महिला, जनजाती, दलित र सीमान्तकृत समुदायमा | ४ | क) सोलोप जग्गामा कृषि अभ्यासका लागि अपर्याप्त प्राविधिक ज्ञान, सीप, औजार र प्रविधिहरू;<br>ख) महिला किसानहरू र सीमान्तकृत किसानहरूलाई दिगो प्राकृतिक स्रोत व्यवस्थापन, प्रविधि र अभ्यासहरूमा समावेश नगरिएको । |

| | | |
|---|---|---|
| | | ग) कृषि अभ्यासहरूमा प्रभावकारि निर्णय लिन र गर्न जलवायु तथा मौसमी सेवाहरूमा सजिलै पहुँच योग्य नहुनु । यसमा नयाँ अभ्यासहरू अपनाउने निर्णय गर्न लैङ्गिक भूमिकाहरूले प्रभाव पार्छ ।<br>घ) कम्पोष्ट मल, जैविक मल, र मल निर्माण गर्न सीप र ज्ञानमा कमी<br>ङ) बाली बीउ उत्पादनको लागि अपर्याप्त सहयोग र प्राथमिकतामा नपर्नु<br>च) नदी किनार र खेतबारीमा माटोको पोषणमा ह्रास |
| बहु-जोखिमहरू - नदी किनार कटान, पहिरो र थेग्रान र खडेरी र डुबान | ५ | क) बारम्बार र तीव्र वर्षा<br>ख) कमजोर भौगर्भिक अवस्था<br>ग) नदीबाट निस्कने खानी सामग्रीको उत्खनन जथाभावी तरिकाले गरिनु<br>घ) बाढीको व्यवस्थापन र नदी किनार कटान नियन्त्रण उपायहरूको लागि अपर्याप्त सामुदायिक क्षमता;<br>ङ) तराई भूमिमा द्रुत गतिमा नदीको प्रवाह परिवर्तन भई डुबान जोखिम बढनु (श्रीरामपुर, जुडीबजार र सनौखोला देखि भरतपुरसम्म )<br>च) पानी बोरिङको लागि स्रोतको अभाव<br>छ) भूक्षय रोकथाम तथा नियन्त्रणको लागि वनस्पति जन्य उपायहरुमा अपर्याप्त अभ्यास (बांस, झाडु घाँस (अम्रिसो) को रोपण को कम प्राथमिकता)<br>ज) नदी नियन्त्रण उपायहरूको लागि ग्याबियन पर्खाल निर्माणमा वृक्षारोपणको अभाव |
| सुधारिएको पशुधन व्यवस्थापन अभ्यासहरूको लागि अपर्याप्त | ६ | क) पशुपालन र सुधारिएको गोठ व्यवस्थापन सम्बन्धी तालिमको अभाव<br>ख) चिकित्सकिय सेवाहरूमा अपर्याप्त पहुँच<br>ग) चारा उपलब्धतामा अपर्याप्तता<br>घ) पशुपालन र पालनपोषणमा महिलाको क्षमतामा कमी<br>ङ) ज्यालादारी मजदुरहरू पाउन गाह्रो हुने र कृषि अभ्यासहरूको लागि लागत बढेको |
| कृषि उत्पादनको व्यावसायीकरणमा पहुँच नभएको र अपर्याप्त ज्ञान | ७ | क) कृषि उत्पादन संकलन केन्द्र र भण्डारणको अभाव<br>ख) बजार केन्द्र र जानकारी सीधै पहुँचमा कमी<br>ग) कृषि यान्त्रिकीकरणमा औजार/मेसिन प्रयोग गर्न महँगो हुने<br>घ) अपर्याप्त ज्ञान, कृषि विस्तार सेवा/सामग्री महिला र जोखिममा परेका समूहहरूलाई लक्षित। |
| कृषि उत्पादनमा जंगली जनावरको खतरा तथा जोखिम | ८ | क) जंगलमा वन्यजन्तुको बासस्थानको गुणस्तर घट्दै गएको<br>ख) सामान्यतया वन्यजन्तुहरूले क्षति गर्न नसक्ने बाली खेती अभ्यासहरूमा अपर्याप्तता<br>ग) वन्यजन्तुको खतराबाट कृषि बाली जोगाउन बार लगाउने जस्ता उपायहरूको अभाव (नील गाई, बदेल, दुम्सी) |
| अपर्याप्त लैङ्गिक समावेशी शासन | ९ | क) पुरुष - निर्णयमा सर्वोच्चता र प्रभुत्व<br>ख) सूचना र सञ्चारमा महिलाको सीमित पहुँच (विशेष गरी जलवायु परिवर्तन र सिँचाइ, सुविधा, कोष, सूचना र अनुदानहरू बारे जानकारी)<br>ग) बैठकको एजेन्डा र समयको बारेमा महिलाहरूसँग कम परामर्श<br>घ) अलग-अलग तथ्याङ्कको उपलब्धतामा कमी |

| | | |
|---|---|---|
| | | ङ) दिगो प्रकृतिक श्रोत व्यवस्थापनमा महिलाहरूको परम्परागत ज्ञानको पहिचानमा अभाव<br>च) वैज्ञानिक रूपमा जटिल विषयहरूमा अध्ययन अनुसंधानमा कमि<br>छ) अधिकारीकहरू/मुख्य व्यक्तिहरू बीच लैङ्गिक मुख्य प्रवाहको दृष्टिकोण र मूल्यमा सीमित ज्ञान<br>ज) घरपरिवार र समाजमा लैङ्गिक शक्ति सम्बन्ध र महिलाको आवत जावतमा प्रतिबन्ध |

स्रोतः समस्या वृक्ष विश्लेषण कार्यशाला, २०२२

जलवायु प्रभावका कारण उत्पन्न बहु-प्रकोपहरू ( खडेरी, नदी किनारा कटान, बाढी र पहिरो) बाट नदी प्रणाली समस्य ग्रस्त छ र यसको भौगोलिक प्रणालीमा र भू-उपयोग परिवर्तनका कारण प्रभावहरू बढ्दै गएका छन् । यी घटनाहरूले भूमिको ह्रासका साथै कृषि उत्पादनमा ह्रास र सामुदायिक जोखिम वढ्दै गएको पाईन्छ ।

नदी प्रणालीमा कृषि पारिस्थितिकीय प्रणालीका कृषि भूमिहरु नदीले काट्ने जोखिम वढ्दै गएको छ । यसका साथै नदी कटान र धेरै मात्रामा थुपरिएको थेग्रान जम्मा भएर खेतीयोग्य जमिन  थप खतरामा परेको छ ।  जसले गर्दा माटोको क्षति र माटोको उर्वराशक्तिमा ह्रास आएको छ । यी प्रमुख कारकहरूले नदी प्रणालीमा कृषि उत्पादन घटाउन प्रमुख भूमिका खेभिको पाईन्छ । नदी किनार कटान मुख्यतया विभिन्न स्थानहरू, विशेष गरी कौडेना गाउँपालिका-१, ३, ६ र ७; चक्रघट्टा गाउँपालिका-१, २; मलंगवा नगरपालिका-५; बरहथवा नगरपालिका-१७; हरिवन नगरपालिका-१, २, ४, ५ र ८; बागमती नगरपालिका-२ र लालबन्दी नगरपालिका-१, १४ र १५ क्षेत्रमा पहिचान गरिएको छ । यस नदी प्रणालीमा करिव ८२७ हेक्टर क्षेत्रमा नदीजन्य पदार्थ थुप्रिएको पाईन्छ ।

यस नदी प्रणालीमा कृषि सिँचाइका लागि सतही र भूमिगत पानीका श्रोतहरु रहेका छन् । तर, वर्षा याममा उपल्लो तटिय क्षेत्रमा आएको बाढीका कारण हेडवर्क्स र सिँचाइका अन्य संरचनाहरू नियमित जोखिममा परेका छन् । त्यसैगरि तल्लो तटिय क्षेत्रमा भूमिगत पानीको सतह अझ गहिरिएको १०० फिटदेखि ३०० फिट तल झरेको छ । उपल्लो तटिय क्षेत्रमा भिरालो जमिनमा खेती गर्ने अभ्यासले नदी प्रणालीमा भ-ूक्षय निम्त्याएको छ । भिरालो जमिनमा भूक्षय र माटो बग्नाले धेरै समस्याहरू विशेष गरी सिँचाइ प्रणालीको संरचनामा प्रभाव, पानी संचित गर्ने क्षमतामा कमि, र नदी प्रणालीमा अन्नवाली उत्पादनमा कमी दखिन्छ। । लालबन्दी नगरपालिका-१२, १३, १४ र हरिवोन नगरपालिका-१ भिरालो जमिनमा उच्च खेती गर्ने क्षेत्र हुन् र राम्रो उत्पादनका लागि गह्रा सुधार आवश्यक छ ।




चित्र १०: लखनदेही नदी प्रणालीमा पारिस्थितिकीय प्रणाली र सम्बन्धित समुदायको सङ्कटासन्नताका प्रत्यक्ष कारकहरु

### २.४.५ सङ्कटासन्नता पारिस्थितिकीय प्रणालीहरूको संवेदनशिल (बहु-मापदण्ड विश्लेषण परिणाम नक्सा ३)

- नदी जन्य पदार्थ थेग्रान जम्मा भएको क्षेत्र, नदी किनारा कटान क्षेत्र, पहिरो सम्बन्धी प्राथमिक तथ्याङ्कलाई संवेदनशिल नक्सामा एकीकृत गरिएको ;
- नदी प्रणालीको ८२७ हेक्टर कृषि भूमिमा नदी जन्य पदार्थ थेग्रान जम्मा भएको । उक्त क्षेत्र विभिन्न स्थानमा पहिचान गरिएको छ, विशेष गरी बागमती नगरपालिका-२; बरहथवा नगरपालिका-१६ र १७; चक्रघट्टा गाउँपालिका-१, २, ३ र ४; हरिपुर नगरपालिका-१, २, ८ र ९; कौडेना गाउँपालिका-१, ३, ६ र ७ ;
- यस नदी प्रणालीमा बाढीकोकारणले सबैभन्दा जोखिममा परेका समुदायहरू र नदी किनारमा संवेदनशिल क्षेत्रहरूको संवेदनशिलता नक्सामा देखाईएको छ । त्यसैगरि नदीको किनारा कटानको खतराको नतिजाले उक्त क्षेत्र सामाजिक जोखिममा परेकोछ, जसमाः
    - भ-ुक्षय, पहिरो र नदी किनारा काट्नका कारण पटौना खोलामा ६००-८०० HHs र चापिनीमा ३०० HHs तथा पटौना खोलाको ७ हेक्टर कृषि जमिन जोखिममा परेको छ ।
    - जगतपुरको हरिहपुर वडा २ को एक हजार हेक्टर जमिन क्षरणको चपेटामा परेको र कुनै पनि वनस्पति नहुँदा, साथै १९९३ मा तटबन्ध भत्किएका कारण त्यहाँको नदी प्रणालीको बाँया किनारा, दायाँ किनाराको तुलनात्मक रूपमा बढी जोखिममा छ ।
- नदी प्रणालीका किसानहरू प्रायः तरकारी बाली उत्पादनमा संलग्न छन् र यो क्षेत्र तरकारी बालीको फराकिलो उत्पादनको लागि लोकप्रिय छ, तर उत्पादन, उत्पादकता र नाफा बीउको न्यून गुणस्तरका कारण, घट्दो माटोको उर्वरता, र मौसम घटनाहरूमा परिवर्तनका कारण अपेक्षाकृत स्तरमा पुग्न सकेको छैन।
- सङ्कटासन्न पारिस्थितिक प्रणाली र सम्बन्धित समुदायलाई जोखिमको तीन वर्गमा वर्गीकृत गरिएको छ । जस्तै, उच्च, मध्यम र निम्न । उच्च जोखिमले बस्ती जोखिम र बहु-जोखिमका कारण वनको क्षतिलाई जनाउँछ , मध्यम जोखिम भनेको बाढी र पहिरोले कृषि भूमिमा परेको जोखिम जनाउँछ र न्यून जोखिमले बाढी र भूक्षय जोखिमबाट कृषि र बस्तीहरूमा पर्ने कम प्रभावलाई जनाउँछ (चित्र ११)।




चित्र ११: लखनदेही नदी प्रणालीमा सङ्कट्टासन्नता पारिस्थितिक प्रणाली र समुदायका लागि संवेदनशिल नक्सा

**२.४.६ लैङ्गिक समानता र सामाजिक समावेशिकरण र जनजाती संग सम्बन्धित वन क्षति र सङ्टासन्न पारिस्थितिकीय प्रणालीहरूका विशेष मुद्दाहरू**

यस नदी प्रणालीमा पारिस्थितिकीय प्रणालीको पुनर्स्थापनाको कार्यान्वयनमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण (Gender Equality Social Inclusion ) र आदिवासी जनजाति (Indigenious People) को मुद्दालाई मूलप्रवाहीकरण गर्न आवश्यक छ । केही सीमितताहरूको कारणले गर्दा, पारिस्थितिकीय प्रणालीको सेवामा महिला र पुरुषको प्रत्यक्ष र अप्रत्यक्ष रुपमा भूमिका रहेको हुन्छ । यस नदी प्रणालीका महिलाहरू जलवायु परिवर्तन र यसले ल्याएको जोखिमको प्रभावबाट पीडित छन् । जस्तै : योजनामा आफ्ना विचारहरू प्रस्तुत गर्न र बाँड्नका लागि महिलाहरूलाई कृषिसम्बन्धी सान्दर्भिक जानकारीको अभाव र विपद्को समयमा महिलाहरूले पीडा भोग्नुपरेको अवस्था रहेको छ । अप्रत्यक्ष रूपमा वन विनाश र सङ्कटासन्न पारिस्थितिक प्रणालीमा महिलाको सहभागिता हुनाको केही कारकहरू निम्न रहेका छन् :

- सामान्यतया, शक्ति असंतुलन तब हुन्छ जब महिला, वृद्ध र सीमान्तकृत समुदायहरूलाई क्षमता निर्माण तालिम र वन व्यवस्थापन सम्बन्धी गतिविधिहरूमा अभिमुखीकरणबाट बहिष्कृत गरिन्छ।
- स्थानीय महिलाहरूका अनुसार, तिनीहरूको सक्रिय सहभागिता सीमित छ किनभने: क) प्रशिक्षण सामग्रीहरू प्रायः उनीहरूलाई अनुकूल नरहेको ख) महिलाहरूलाई वन र प्राकृतिक स्रोत व्यवस्थापनमा आफ्नो विचार व्यक्त गर्न बढी समय दिइँदैन ।
- खाना पकाउने चुलोको मर्मत सम्भारमा सीप नभएकाले महिलाहरूले सुधारिएको चुलोको प्रयोग जारी राख्न कठिनाइ महसुस भएको ।
- बालीमा कीरा र रोग व्यवस्थापन, अप्रभावी सिँचाइ सुविधा, र कीटनाशक र जैविक मलको तयारी र प्रयोगको लागि अपर्याप्त सीपहरूका कारण सीमान्तकृत समुदायका महिलाहरूले यस नदी प्रणालीमा तरकारी खेती र कृषि अभ्यासहरूमा रुचिमा कमि भएको ।
- डडेलो नियन्त्रण र व्यवस्थापनका उपायहरू र प्रशिक्षणमा महिलाहरूको कम सहभागिता;
- सङ्कटासन्न पारिस्थितिक प्रणालीसँग सम्बन्धित केही अन्य कारकहरू जसले निर्णय लिने शक्ति र सरकारी सुविधाहरूमा पहुँचको सन्दर्भमा महिलाहरूको क्षमता अभिवृद्धिमा बाधा परेको देखिन्छ। यसका निम्न अर्न्तनिहित कारण रहेका छन् :
    - पानीको श्रोतमा र मानव बस्तीमा जलवायु परिवर्तन उत्पन्न प्रकोप जोखिमहरू बढेको;
    - सिंचाई समस्याहरूलाई हल गर्न महिलाहरुको क्षमतामा प्राविधिक ज्ञान र सीपको अभाव
    - सिँचाइ व्यवस्थापनमा महिलाहरूको न्यून भूमिका
    - निर्धारण गरिएको प्रशिक्षण स्थान र प्रशिक्षण समय प्राय महिला सहभागीहरूको लागि उपयुक्त नभएको
    - वन व्यवस्थापन , माटो र जल संरक्षणका लागि वन उपभोक्ता समितिमा महिला सहभागिताको कमी;
    - तल्लो तटिय क्षेत्रमा कृषि अभ्यासहरूमा महिलाहरूको निर्णय गर्ने शक्तिमा कमि ।
    - महिलाहरूलाई उन्नत बीउ तथा प्रजातिहरूको बारेमा कम ज्ञान भएको र मल प्राप्तीमा कम पहुँच रहेको ।
    - महिलाको दैनिक समय पशुपालन र यसको व्यवस्थापनमानै वित्ने गरेको छ, तर उनीहरूले गाई-बाखा बेचेर पैसा कमाउने व्यवसायमा निर्णय लिन सक्ने क्षमतामा कमि ।
    - उपल्लो तटिय क्षेत्रमा समुदायको आय आर्जनका लागि, विशेष गरी महिलाहरूका लागि वैकल्पिक विकल्पहरूको पहुंच कम भएको र गाह्रो रहेको छ । तसर्थ उपल्लो तटिय क्षेत्रमा महिलाहरूको दैनिक जिविकाकोलागि दाउरा सङ्कलनमा निर्भर रहेको छ ।

## २.५ समाधान विश्लेषण

### २.५.१ जलवायु परिवर्तन न्यूनीकरण :वन ह्रास र क्षयिकरणको समाधान विश्लेषण

वन ह्रास र क्षयिकरणले वातावरणीय प्रभावहरू प्रभाव हरु पर्न थालेको अवस्था छ । जस्तै - वासस्थानको क्षति र खण्डीकरण, जैविक विविधतामा हानि, जल चक्रमा अवरोध, भूक्षय, र मरुभूमिकरणमा वृद्दी । यी प्रभावलाई सम्वोधन गर्नकोलाागि समाधान विश्लेषण कार्यशाला गोष्ठि मार्फत स्थानीय उपभोक्ता समुदायले निर्धारण गरेका सम्भावित न्यूनीकरण गतिविधिहरूलाई चित्रमा प्रस्तुत गरिएको छ (चित्र १२) । समष्टिगतमा त्यस्ता न्यूनीकरण गतिविधिहरू निम्न रहेका छन् : प्राकृतिक पुनरुत्पादनमा सहयोग (Assisted Natural Regeration-ANR), र प्राकृतिक वनको दिगो व्यवस्थापनको लागि क्षमता अभिवृद्दी र निर्माण र अन्य प्रमुख सहायक गतिविधिहरू ।




चित्र १२: लखनदेही नदी प्रणालीमा समाधान वृक्ष विश्लेषण: जलवायु परिवर्तन न्यूनीकरण

## क्षतिग्रस्त वनलाई घटाउन र वन जङ्गल वृद्धि गर्न आवश्यक गतिविधिहरू, प्रतिफल र उपलब्धि

वन क्षति घटाउन र वन जङ्गलले ओगटेको हरित भूभाग बढाउन र वन घनत्व बढाई कार्बन संचित बढाउन समाधान वृक्ष कार्यशाला गोष्ठि मार्फत निम्न गतिविधिहरू प्रस्तावित गरिएको छ। प्रस्तावित गतिविधिहरूको विवरण र कार्यक्रम प्याकेजहरू (IPacks) र तिनीहरूको कार्यन्वयन सम्भाव्यता र सम्भावित वातावरणिय र सामाजिक प्रभाव र सुरक्षा सहित वर्णन गरिएको छ (विवरण खण्ड ५ मा दिइएको)। यस चुरे उत्थानशिल आयोजनाको -BRCRN) प्राथमिकताको साथ स्थान र गतिविधि कोड सहितको विवरण नक्शामा देखाईएको छ (डाटा स्प्रेड-शीटमा )। जलवायु परिवर्तन न्यूनीकरणका गतिविधिहरूको प्रतिफल, र उपलब्धि तालिका मा दिइएको छ (तालिका ६)।

तालिका ६: लखनदेही नदी प्रणालीमा वन क्षति घटाउन र वन जङ्गलले ओगटेको हरित भूभाग बढाउन र वन घनत्व बढाई कार्बन संचित बढाउनकोलागि आवश्यक गतिविधिहरू, प्रतिफल र उपलब्धिहरू

| क्रियाकलाप | गतिविधिहरू | प्रतिफल | उपलब्धि |
|---|---|---|---|
| क्षतिग्रस्त वनक्षेत्रमा वन नर्सरी स्थापना र संवर्धन तथा वृक्षारोपण | क्षति भएका प्राकृतिक वनको पुर्नस्थापना र पुर्नउत्पादन | प्रतिफल १: चुरे उत्थानशिल आयोजना क्षेत्र भित्र प्राकृतिक वन राम्रोसँग मर्मत र संरक्षित हुनेछ। | |
| प्राकृतिक पुर्नउत्पादन व्यवस्थापन- प्राकृतिक पुर्नउत्पादन सहयोग (ANR) कार्यक्रम<br>➢ हाल अवस्थित अग्निरेखा र ट्रेलहरू (झाडीहरू, पातको फोहोर र वन अवशेषहरूको निकासी) को सफाई र सुधार मार्फत वन डडेलोको जोखिममा कमी।<br>➢ तार बार लगाउने<br>➢ वन रक्षककोलागि व्यवस्था,<br>➢ वैकल्पिक सहित खुल्ला चरिचरन कम गर्ने;<br>➢ वन डडेलो न्यूनिकरणको लागि आवश्यक प्रतिकार्य औजारहरुको प्रावधान (उपकरणहरूमा पन्जा, जुत्ता, प्राथमिक उपचार औषधि, दुर्घटना बीमा)।<br>➢ डडेलो नियन्त्रणका लागि नयाँ प्रविधि (उदाहरणका लागि: फरेस्ट वाचर मोबाइल एप - गतिशील अनलाइन वन अनुगमन र सतर्कता प्रणालीहरू) को अवलम्बन र लिङ्किङ,<br>➢ वन व्यवस्थापन प्रणालीलाई सुदृढ पार्न वन कार्य सञ्चालन योजनाहरूको सुदृढीकरण र समीक्षा गर्ने। | | | ➢ घटेको वन व्यवस्थापन<br>➢ परिवर्धित जलवायु उत्थानशील गरी वन पारिस्थितिक प्रणालीमा वृद्धि<br>➢ प्राकृतिक वन क्षेत्रमा कार्बनको भण्डारण बढाउने तथा संचितिकरण |

| क्रियाकलाप | गतिविधिहरू | प्रतिफल | उपलब्धि |
|---|---|---|---|
| ➢ सामुदायकि तथा स्थानीय समुहको वन व्यवस्थापनको शासकिय पद्दतीलाई (महिला सदस्यहरूलाई विचार गर्दै) सशक्त बनाउने;<br>➢ सामुदायकि तथा स्थानीय वन समुहका महिला सदस्यहरूलाई प्रशिक्षण, क्षमता विकास र दिगो प्राकृतिक स्रोत व्यवस्थापनलाई संवोधन गर्ने अन्य गतिविधिहरू प्रदान गर्न प्राथमिकता दिने । | | | |
| गोठाला र वन उपभोक्ता समूहहरूको लागि वन डडेलो नियन्त्रण र व्यवस्थापनमा अभिमुखीकरण । | दिगो वन व्यवस्थापनका लागि क्षमता अभिवृद्धि गर्ने | | दिगो वन व्यवस्थापनका बाधाहरू कम गर्ने<br>वन पारिस्थितिक प्रणाली र सेवाहरूको पुनर्स्थापनाको लागि दिगो बनाउने |
| वन व्यवस्थापनका लागि क्षमता निर्माण:<br>➢ महिलाहरूलाई प्राथमिकता दिने उपभोक्ता समूहहरू मार्फत<br>➢ सरकारी निकायहरू | | | |
| नदी उत्प्रेरित सामग्री र खानीहरूको दिगो उत्खनन तथा व्यवस्थपनको लागि अनुगमनमा स्थानीय सरकारको लागि क्षमता निर्माण; | | | |
| सरोकारहरूसँगको सहकार्यमा नदी प्रणाली स्तरमा नदीको सतह सामग्रीको दिगो उत्खननका लागि सहयोग पुऱ्याउने (उदाहरणका लागि: नगरपालिका, प्रदेश सरकार र डिभिजन वन कार्यालयहरू, नदी खानी उद्योगहरू निजी क्षेत्र र सम्बन्धित सरोकारवालाहरू) | | | |
| नदी किनारामा तथा वरिपरि क्षेत्रमा वृक्षारोपण<br>सिंचाई सुविधा र तारजाली बार लगाई वृक्षरोपण व्यवस्थापन | नदी किनारका वन क्षेत्रको जग्गा वृद्धि गर्ने | प्रतिफल २: नदी प्रणाली परिदृश्यहरूमा वन र रूखलाइ पुनर्स्थापित र पुर्नउत्पानमा सहयोग हुनेछ । | ➢ बढेको वनले र कार्बन संचितमा योगदान ( बिरुवा रोपण अवधिबाट २०-३० वर्षमा)<br>➢ सङ्कटासन्नता समुदायको जीविकोपार्जन क्षमता अभिवृद्धि<br>➢ जङ्गल, घासदाउरा र भवन निर्माण सामाग्री को लागी प्राकृतिक वन |
| नयाँ क्षेत्रहरू-नदी किनार क्षेत्रहरूमा वृक्षारोपण व्यवस्थापनमा उपभोक्ताहरूको लागि क्षमता निर्माण तथा प्रशिक्षण | | | |

| क्रियाकलाप | गतिविधिहरू | प्रतिफल | उपलब्धि |
|---|---|---|---|
| | | | मा मानवको चांप कम गर्ने ।<br>➢ नदी किनाराका जग्गाहरूमा क्षय भएका भूमिहरूको माटोको उर्वरता बढाउने<br>➢नदीनाला र कृषि पारिस्थितिकी प्रणालीको जलवायु उत्थानशील बढाउने । |
| नवीन प्रविधि र स्थानीय वनस्पति सुरक्षा उपायहरू मार्फत खहरे तथा गछि नियन्त्रणको साथ स्थिरीकरण | माटो र पानीको स्रोतको संरक्षण गर्ने र पानी अवधारणमा (retention) सुधार गर्नै | प्रतिफल ३ः स्थानीय संरचनाहरूले जलवायु परिवर्तन उत्पन्न भूक्षय, थेग्रिनिकरण - Sedimentation) र बाढी जोखिमहरू विरुद्ध उत्थानशीलता बढाउने | |
| पहिरो उपचार तथा नियन्त्रणः वनस्पति संरक्षण उपाय (प्राथमिकताको आधारमा) | | | |
| ऊर्जाको लागि दाउरा काठमा निर्भर महिला र सङ्कटाासन्नता समुदायका लागि वैकल्पिक नवीकरणीय ऊर्जा स्रोतहरू (सुधारिएको चुलो, बायोग्यास, विद्युतीय चुलो) को प्रवर्द्धनका लागि आवश्यक सहजीकरण | | | |

## २.५.२ जलवायु परिवर्तन अनुकूलनः समाधान विश्लेषण

जलवायु परिवर्तन अनुकूलन संग सम्वन्धित गतिविधीहरु, मुख्यत : कृषिभूमिको उचित प्रयोग र अभ्यासहरूमा जलवायु उत्थानशीलसँग सम्बन्धित छन्; जलवायु जन्य जोखिम बाढी, पहिरो, र खडेरीको जोखिम न्यूनीकरण; र कृषक र स्थानीय उपभोक्ताहरूको क्षमता निर्माण गर्दै तिनीहरूको जलवायु उत्थानशीलता बढाउने।




चित्र १३: लखनदेही नदी प्रणालीमा समाधान वृक्ष विश्लेषण: जलवायु परिवर्तन अनुकूलन

### पारिस्थितिकीय प्रणाली र समुदायहरूको सङ्कटासन्नतालाई कम गर्नका लागि विभिन्न गतिविधि, प्रतिफल र उपलब्धि

सङ्कटासन्न पारिस्थितिकीय प्रणाली र समुदाय संग सम्वन्धित कारकहरूलाई सम्बोधन गर्न विभिन्न गतिविधिलाई सूचीबद्ध गरिएको छ (विस्त्रित खण्ड २.४मा दिईएको छ ) । प्रस्तावित गतिविधिहरूको विवरण र कार्यक्रम प्याकेजहरू (IPacks) र तिनीहरूको कार्यन्वयन सम्भाव्यता र सम्भावित वातावरणिय र सामाजिक प्रभाव र सुरक्षा सहित वर्णन गरिएको छ । यस चुरे उत्थानशिल आयोजनाको (BRCRN) प्राथमिकताको साथ स्थान र गतिविधि कोड सहितको विवरण नक्शामा देखाईएको छ । जलवायु परिवर्तन अनुकूलनका गतिविधिहरूको प्रतिफल, र उपलब्धि तालिका मा दिइएको छ (तालिका ७) । तालिका ७: लखनदेही नदी प्रणालीमा पारिस्थितिक प्रणाली र समुदायहरूको सङ्कटासन्नता कम गर्नकालागि आवश्यक गतिविधिहरू, प्रतिफल र उपलब्धिहरू

| कियाकलाप | गतिविधिहरू | प्रतिफल | उपलव्धि |
|---|---|---|---|
| संरक्षण पोखरी निर्माण | पानी संचितिकरणमा (retention) सुधार गर्ने र पानी स्रोत संरक्षण<br><br>जल उत्पन्न प्रकोपको जोखिम कम गर्ने र जोखिममा परेका समुदायको सामना गर्ने क्षमता अभिवृद्धि गर्ने | ३: स्थानीय संरचनाहरूले जलवायु परिवर्तन उत्पन्न भूक्षय, थेग्रीनिकरण र बाढी जोखिमहरू विरुद्ध उत्थानशीलता बढ्नेछ । | कृषकहरुको विपद् जोखिमहरुको सामना गर्ने र अनुकूलन गर्ने क्षमता अभिवृद्धि हुने<br><br>माटोको उर्वरता बढ्ने<br><br>पानीका स्रोतहरूको संरक्षण र सेवाहरूको निरन्तरता सुनिश्चित हुने |
| पानी संकलन गर्ने स्थानीय संरचनाको निर्माण तथा सुधार | | | |
| स्थानीय सामग्री र बायो-इन्जिनियरिङ प्रयोग गरेर नदी किनारा र खहरे तथा गल्छि नियन्त्रण र स्थिरीकरण | | | |
| विशेष गरी साना र मझौला उद्यमी किसानहरूका लागि साना सिँचाइ सुविधाहरूमा सहयोग गर्ने (उदाहरणका लागिः कटअफ वाल च्याम्बर प्रयोग गरेर सतही पानी प्रवाह व्यवस्थापनको लागि समर्थन, सिंचाई नहर हेडवर्क मर्मत) | | | |
| हाल भएका पोखरी सुधार | | | |
| बोरिंग को सुविधा | | | |
| उपभोक्ता र सरकारी निकायहरूको लागि क्षमता अभिवृद्दि<br>पानीको उपलब्धता बढाउन र आकश्मिक बाढी कम गर्न,<br>सामुदालाई आय आर्जनको लागि कृषि उत्पादन-प्रणालीमा जोड्न उपल्लो तटिय क्षेत्रहरूमा वर्षाको पानी सङ्कलन र प्रवर्द्धन गर्ने | पानी र माटो संरक्षणमा सरोकारवालाहरूलाई सक्षम बनाउने | | |
| बहुवर्षीय बालीमा मिश्रित फसलको साथ कृषि वन प्रणाली स्थापना गर्ने; .फोडर र घाँस उत्पादनलाई प्रोत्साहन गर्ने | कृषि वन गतिविधिहरू स्थापना गर्ने<br><br>कृषि वन प्रणाली प्रवर्द्धन गर्न किसान समूह र सरकारी अधिकारीहरूलाई सक्षम बनाउने | आउटपुट ४: किसानहरू जलवायु-उत्थानशील भूमि प्रयोग अभ्यासहरू प्रयोग गर्नमा दक्ष छन्। | कृषकहरूको जलवायु उत्थानशील क्षमतामा वृद्धि<br>कृषि प्रणाली र पशुपालन व्यवस्थापनमा महिलाको क्षमता अभिवृद्धि<br>महिला र जनजातीको आय क्षमतामा वृद्धि<br>कृषि उत्पादनको बजार सुनिश्चित हुने |
| उन्नत कृषि वन समूहहरूको लागि संस्थागत सहयोग | | | |
| कृषि वन उपभोक्ता समूह र सरकारी कर्मचारीहरूको लागि क्षमता वृद्दिहरू | | | |
| बहुबालीहरूमा कृषक पाठशालाको स्थापना गरी वालि कीट र रोगहरू सम्बोधन र माटो परीक्षणको लागि सहजीकरण गर्ने | बालीमा लाग्ने कीरा र रोगहरूको जोखिम कम गर्ने<br>कृषि उत्पादन बढाउने | | कृषिमा जलवायु अनुकुलन उपायहरू बढ्ने । |
| कृषक पाठशालाको माध्यामबाट बीउ उत्पादनको लागि किसानहरूलाई सहयोग | | | |
| स्थानीय मैत्री प्रविधिको प्रयोग गरी जलस्रोतको संरक्षण र उपयोगमा सहयोगः सिँचाइ सुविधा सुधार र खानेपानीका स्रोतहरूमा सुधार | पानीका स्रोतको सहि उपयोग र सिँचाइ सेवामा सुधार | | |
| जलवायु तथा मौसमी सूचनाको प्रयोग गरि कृषि अभ्यासहरू निर्णय क्षमता बढाउने । यसको लागि कृषक पाठशालाको माध्यामबाट क्षमता अभिवृद्दी गर्ने । | जलवायु कृषि अनुकूलन अभ्यासहरू र पशुधन व्यवस्थापन अभ्यासहरू बढने | | |

### २.५.३ योजनाबद्ध कार्यक्रम प्याकेजहरुको (बहु-मापदण्ड विश्लेषण परिणाम नक्सा ४ ):

यस नदी प्रणालीको  संवेदनशिल क्षेत्रको पारिस्थितिकी प्रणालीको पुनर्स्थापना वृद्धि गर्न आवश्यक गतिविधिहरूलाई पाँच कार्यक्रम प्याकेजहरूमा आवद्द गरिएको छ : क) दिगो वन व्यवस्थापन मार्फत क्षतिग्रस्त पारिस्थितिकी प्रणालीको पुनर्स्थापना ख) माटो र जल संरक्षण ग) कृषि वन प्रणाली, र घ) जलवायु उत्थानशील कृषि प्रविधिहरू र अभ्यासहरू ।

मुख्य संवर्द्धनका गतिविधिहरूमा निम्न समावेश छन् : संवेदनशिल वन र जङ्गलको जग्गाको पुनर्स्थापना, नदी क्षेत्रको जग्गामा वृक्षारोपण र निजिजग्गामा वृक्षारोपण र प्रवर्द्धन र कृषि वन प्रणाली मार्फत नदीको जग्गामा माटोको उर्वराशक्ति बढाउने र कृषिमा जलवायु परिवर्तनको प्रभावलाई कम गर्न किसानको क्षमता अभिवृद्धि गरी कृषक पाठशालाको लागु गर्ने । लखनदेही नदी प्रणालीको कार्यक्रम प्याकेज नक्सामा “M“ कोडले न्यूनीकरण गतिविधिहरुलाई र “A“ कोडले अनुकूलन गतिविधिहरुको लागी प्रतिविम्वीत हुनेगरि देखाईएको छ (चित्र १४) ।




चित्र १४: लखनदेही नदी प्रणालीमा योजनाबद्ध कार्यक्रम (न्यूनीकरण र अनुकूलन) को नक्सा

**२.५.४ समाधान गतिविधिहरूमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण** (Gender Equality Social Inclusion ) **र आदिवासी जनजाति** (Indigenious People) **का मुद्दाहरूको मूलप्रभाविकरण**

नदी प्रणालीको पारिस्थितिकीय प्रणाली पुनर्स्थापना योजना कार्यान्वयनमा महिला, दलित, आदिवासी जनजाति र सीमान्तकृत समुदायलाई मूलप्रवाहमा ल्याउन निम्न विशेष पक्षमा ध्यान दिनु आवश्यक छ :

क) उपभोक्ताहरू, विशेष गरी महिला, आदिवासी जनजाति, दलित र वनमा-आश्रित सीमान्तकृत समुदायहरूका लागि प्राकृतिक स्रोत व्यवस्थापनमा क्षमता निर्माण गर्ने अवसरहरू प्रदान गर्ने ।

ख) उपभोक्ताको क्षमता (महिला, दलित, आदिवासी जनजाति र सीमान्तकृत उपभोक्ताहरू) सुधार गर्न र नदी प्रणालीको प्राकृतिक स्रोत व्यवस्थापन क्षेत्रमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणकोलागि बलियो संयन्त्र निर्माण गर्न योजनाहरू सुधार गर्ने

ग) संवेदनशिल क्षेत्रको पुनर्स्थापनामा विशेष, प्रमुख कार्यहरूको साथ महिलाहरूलाई अवसर प्रदान गर्ने, उदाहरणका लागि:

- महिलाको निर्णय क्षमता निर्माणमा वित्तीय लगानी बढाउने, विशेष गरी चुरे र तराई क्षेत्रका महिला समूहका लागि वन व्यवस्थनपन र बागवानीका गतिविधि ।
- नर्सरी स्थापना र बिरुवा उत्पादनमा महिलाको क्षमता अभिवृद्धि तालिम प्रदान गर्ने।
- नदी किनारा र गल्छि स्थिरीकरणमा वन र कृषक समूहहरूलाई क्षमता निर्माण तालिम प्रदान गर्ने
- दाउरा सङ्कलनमा महिलाको कामको बोझलाई न्यूनीकरण गर्ने: क) लागत-प्रभावी उपकरण र प्रविधिहरू उपलब्ध गराएर, विशेष गरी खाना पकाउनको लागि वैकल्पिक ऊर्जाको प्रयोगमा); ख) घाँसको बीउ उपलब्ध गराएर र सार्वजनिक र निजी जग्गामा वृक्षारोपणमा पहुँच
- घरायसी वा खेतबारीमा पुरुषलाई संलग्न गराएर महिलाको कामको बोझ कम गर्ने
- दलित, आदिवासी जनजाति र अन्य सङ्कटासन्न जनजाति महिलाहरूलाई दिगो वन व्यवस्थापन र कृषि भूमि पुनर्स्थापना जस्ता पारिस्थितिकी प्रणाली र पुनर्स्थापना गतिविधिहरूमा भाग लिनको लागि सामाजिक अवरोधहरू घटाउने (लैङ्गिक असमानता, सामाजिक र आर्थिक असुरक्षा र न्यून शिक्षा र समझदारी स्तर) (दुवै सार्वजनिक र निजी भूमि);

घ) CERP यस योजनामा समावेश गरिएका कुनै पनि गतिविधिहरूको कार्यान्वयनको लागि निःशुल्क, पूर्व, र सूचित सहमति प्रक्रियामा विशेष ध्यान दिन आवश्यक छ। यसका लागि, नदी प्रणालीमा यस योजना कार्यान्वयन गर्दा कार्यान्वयन गर्ने निकाय र आयोजना प्रबन्धकले विभिन्न कार्यहरूमा निम्न ६ चरणहरू समावेश विचार गर्नुपर्ने हुन्छ ।

चरण १: आदिवासी जनजातिको सरोकार र भूमि र क्षेत्रका आधारमा उनीहरूका प्रतिनिधिहरूको पहिचान गर्ने ।

चरण २: सहभागीतामुलक नक्साङ्कन मार्फत भौगोलिक र जनसांख्यिकीय जानकारीको कागजात तयारि गर्ने ।

चरण ३: सहभागितामूलक सञ्चार योजना निर्माण गर्ने र पुनरावृत्ति (iterative) छलफलहरू गर्ने जस मार्फत आयोजना संवन्धि जानकारी पारदर्शी रूपमा छलफल गर्ने ।

चरण ४: सहमतिमा पुग्ने, आयोजनामा समावेश गर्ने र आदिवासी जनजातिको आवश्यकताहरू दस्तावेज गर्ने, र प्रतिक्रिया र गुनासो संयन्त्रमा सहमत हुने ।

चरण ५: सम्झौताको सहभागी अनुगमन र मूल्याङ्कन सञ्चालन गर्ने ।

चरण ६: सिकेका पाठहरू दस्तावेज गर्ने र आयोजनाका उपलब्धिहरूको बारेमा जानकारी खुलासा गर्ने ।

## खण्ड ३. समग्र अवलोकन र निष्कर्षहरू

- लखनदेही नदी प्रणालीमा वन विनाश र वन क्षयीकरणका प्रमुख कारकहरू भूक्षय, बाढी, पहिरो, वन डडेलो, चोरी निकासी, अतिक्रमण, अत्यधिक वन उत्पादन सङ्कलन (घास, घाँस र ईन्धन काठ), अव्यवस्थित चरिचरण, अतिक्रमण, भौतिक पूर्वाधार विकास, र आक्रमणकारी विदेशी प्रजातिहरूको विस्तार हुन् ।
- गतिविधिहरू इन्टरभेन्सन गर्नु अघि ठूला पहिरोहरूको विस्तृत भूवैज्ञानिक र जलविज्ञान विश्लेषण गर्न आवश्यक छ ( हरिवन १ र २ मा परेवा डाँडा पहिरो र बावनबाटिका पहिरो);
- वन विनास र क्षयीकरण (चरिचरण, अतिक्रमण, डडेलो, चोरी निकासी) को प्रमुख कारकहरूलाई कम गर्न वन उपभोक्ता समितिहरू, विशेष गरी महिला र उपभोक्ताहरूको संलग्नतामा कमि ।
- मानिसहरूले केही हदसम्म वृक्षारोपण गर्न थालेका छन् वा नदी पुनः प्राप्त क्षेत्रमा रोप्ने छन्, तर वृक्षारोपण क्षेत्रहरू मनसुनमा अधिकतम बाढीको उच्च जोखिममा छन्। तसर्थ नदी किनारलाई स्थिर गरी वृक्षारोपण क्षेत्रलाई बाढीको उच्च जोखिमबाट जोगाउनुपर्छ ।
- तटबन्ध र बाँध वरिपरि वृक्षारोपणमा मध्य तटिय क्षेत्र र तल्लो तटिय क्षेत्रका मानिसहरूको चासो छ। यद्यपि, त्यहाँ दुई प्रमुख समस्याहरू छन्, सहित

    क) प्रभावकारी नदी सामना गर्ने सुरक्षा उपायहरू (माटोको स्पर्स र तटबन्धहरू) को अभावले तटबन्धको छेउमा रोपिएका बिरुवाहरूका सबै चरणहरू भत्किने र बग्ने हुन सक्छ। र

    ख) मध्य तटिय क्षेत्र र तल्लो तटिय क्षेत्रका मानिसहरूले नदीको परित्याग गरिएका क्षेत्रहरू कृषि प्रयोजनका लागि प्रयोग गर्न थालेका छन् र तिनीहरूले वृक्षारोपण र कृषि गतिविधिहरू पुनः सुरु गर्नु अघि जग्गाको स्वामित्वको समस्याहरू समाधान गर्न चाहन्छन्।

- स्थानीय उपभोक्ताहरूले बाढी, डिपोजिसन र सिल्टेसनबाट कृषि भूमि जोगाउन नदीको किनारमा दुवै छेउमा तटबन्ध/बाँध निर्माण गर्न चासो राख्छन्; नदीको किनारमा ठूलो मात्रामा वृक्षारोपण गर्ने हो भने साइटलाई स्थिर बनाउन संरचनात्मक उपायहरू आवश्यक छ।
- माटो संरक्षण, पानी पूर्नभरण, महिला र सीमान्तकृत समुदायको आय बृद्धि, नदी प्रणालीको प्राथमिकतामा काठ र घाँस, संरक्षण पोखरी र अन्तरबाली र कृषि वन प्रणालीको साथ नदीको बगैंचा वृक्षारोपण आदि जस्ता पुनर्स्थापना अभ्यासहरूको लागि केही प्रदर्शन मोडेलहरूको आवश्यकताहरू उच्च रहेका छन् ।
- नदी प्रणालीको प्राकृतिक वन क्षेत्रमा ह्रास भएको वनको पुनर्स्थापना गर्न प्राकृतिक पुर्नउत्पादन सहयोग ( ANR) र संवर्धन वृक्षारोपण (enrichment plantation) आवश्यक रहेको छ ।
- स्थानीय सरकार इकाई र अन्य सम्बन्धित सरकारी निकायहरूसँगको बलियो सहकार्यले गतिविधिहरूको कार्यान्वयनलाई दिगो बनाउन मद्दत गर्दछ।

## खण्ड ४: लखनदेही नदी प्रणालीको क्रियाकलाप प्याकेजहरू (Intervention Packages)

यस नदी प्रणालीको विशेषत दुई संवेदनशिल पक्षको प्रमुख कारकतत्वहरुलाई संवोधन गर्न पहिचान गरिएका समाधान क्रियाकलापलाई यस चुरे उत्थानशील आयोजनामा मुख्यत पाँच क्रियाकलाप प्याकेजहरूमा समूहबद्ध गरिएको छ । ती दई संवेदनशिल पक्षहरु निम्न रहेकोछ : क) उपल्लो तटिय क्षेत्रमा जलवायु परिवर्तन न्यूनीकरण अन्तर्गत वन विनाशको संवेदनशिलता, ख) तल्लो तटिय क्षेत्रमा जलवायु परिवर्तन अनुकूलन अर्न्तगत सङ्कटासन्न पारिस्थितिकिय प्रणाली र यस संग सम्बन्धित संवेदनशिल सङ्कटासन्न समुदायहरू । यस योजनामा स्थानीय सहभागीहरूले गरेका समस्या, समाधान विश्लेषण र नक्सा सीमाङ्कनहरूलाई आधारभूत चरणको रूपमा लिदै क्रियाकलाप प्याकेजका गतिविधिहरुलाई समूहबद्ध गरिएको छ । पहिलो चरणमा, समस्या वृक्ष विश्लेषणमा प्राप्त अन्तर्निहित कारणहरू विरुद्ध समाधान वृक्ष विश्लेषणमा पहिचान गरिएका समान गतिविधिहरूलाई र तीनिहरुको नक्सा सीमांकनहरूलाई सावधानीपूर्वक पुनरावोलकन गरिएको छ । त्यसैगरि अर्को चरणमा, गतिविधिहरूलाई अनुकूलन र न्यूनीकरण विषयवस्तुहरूमा आधारित समूहबद्ध गरिएको छ र यसले समस्या वृक्ष विश्लेषणको क्रममा पहिचान गरिएका अन्तर्निहित कारणहरू र मुख्य कारकहरूलाई सम्बोधन गर्दछ ।

प्रमुख समस्या तथा कारकहरूलाई सम्बोधन गर्न समाधान विश्लेषणमा पहिचान गरिएका सबै गतिविधिहरूलाई पांच कार्यक्रम प्याकेजमा समावेश गरिएतापनि केहि गतिविधिहरु कार्यक्रम प्याकेजमा प्रतिबिम्बित भएको छैन । जस्तै : CERP मार्गदर्शनमा (बक्स १४ र खण्ड ३ १.२) आधारित REDD+ राष्ट्रिय रणनीतिमा प्रतिबिम्बित भैसकेका नीतिगत संवन्धित कार्यक्रमहरु नदोहोरिने गरि यस योजनाको कार्यक्रम प्याकेजमा निर्माण गरिएको छ ।

पाँचवटा कार्यक्रम प्याकेजले नदी प्रणालीका तीनवटै तटिय क्षेत्रलाई ( उपल्लो-मध्य-तल्लो) संवोधन गर्ने गरि गतिविधिहरू समावेश भएको छ । यस अर्थमा यस योजनाको कार्यक्रम प्याकेजले पारिस्थितिकीय प्रणाली पुनर्स्थापनाका लागि तीनवटै तटिय क्षेत्रलाई जोड्ने यकआपसमा संवन्ध राख्ने गरि संवोधन गरिएको छ ।

मुख्यत यस नदी प्रणालीको दुई तटिय क्षेत्रहरूमा पहिलो दुई कार्यक्रम प्याकेजहरु केन्द्रित छन् अर्थात कार्यक्रम प्याकेज १ (वन पुनर्स्थापना र नदी तटिय खालि जमिनमा वृक्षारोपण ) र कार्यक्रम प्याकेज २ (माटो र पानी श्रोत संरक्षण) । ती दुई तटिय क्षेत्रहरुमा (उपल्लो तटिय क्षेत्र र मध्य तटिय)को अवस्था हेर्दा भिरालो तथा झुकाव जमिन र वन क्षति प्रवल रुपमा भएको पाईन्छ । थप रूपमा भन्नुपर्दा , यी दुई कार्यक्रम प्याकेजहरुले निश्चित रूपमा उपल्लो तटिय क्षेत्रमा मख्यत दुई श्रोतहरुको (माटो र वन तथा वनस्पती ) क्षतिलाई नियन्त्रण गर्नेछ र क्षतिग्रस्त भूमि र वन क्षेत्रको पारिस्थितिकीय प्रणालीहरू पुनर्स्थापित गर्नेछ, र मध्य र तल्लो तटिय क्षेत्रमा भने नदीजन्य पदार्थ थिग्रिणीकरणमा कमि हुने र कृषि जमिनको पारिस्थितिकीय प्रणाली पुनर्स्थापित हुनेछ ।

कार्यक्रम प्याकेज-३ (कृषि-वन प्रणाली प्रोत्साहन) मध्य र तल्लो तटिय क्षेत्रहरूमा केन्द्रित रहेको छ । यस कार्यक्रमले नदी प्रणालीको वाढीजन्य क्षेत्रहरूको पारिस्थितिकीय प्रणाली पुनर्स्थापित हुने अपेक्षा गरिएको छ र कृषि भूमिको उर्वरता क्षमतामा सुधार आउने छ । यस प्याकेजमा पशुपालनमा निर्भर जिविकोपार्जन गरिरहेका सीमान्तकृत कृषकहरूलाई प्रत्यक्ष प्रतिफल मिल्ने गरि स्थानीय घाँसका विभिन्न प्रजातिहरूलाई प्राथमिकता दिईएको र यस नदी किनारका कृषि भूमिहरूमा कृषि बागवानीलाई गर्ने भनिएको छ ।

कार्यक्रम प्याकेज-४ (जलवायु उत्थानशील कृषि प्रणाली) मा कृषि क्षेत्रसंग संवन्धित जलवायु परिवर्तन अनुकूलनका कार्यक्रमहरु रहेको छ र यस कार्यक्रम मुख्यत तल्लो तटिय क्षेत्रमा केन्द्रित छ । साथै,यस कार्यक्रम प्याकेजले कृषि क्षेत्र र पानी श्रोत व्यवस्थापनकोलागि सीमान्तकृत र साना कृषकहरूको अनुकूलन क्षमता अभिवृद्धि गर्न जलवायु अनुकुलन प्रविधि र ज्ञान र सीपहरूलाई प्रोत्साहन गरेको छ ।

अन्तमा, लैङ्गिक र महिला केन्द्रित मुद्दाका कारकहरूलाई सम्बोधन गर्न अन्य दुई कार्यक्रम प्याकेजहरू प्रस्ताव गरिएको छ । जलवायु अनुकूलन कार्यहरूमा महिलाको सहभागिता बढाउने र लैङ्गिक समावेशी शासनको लागि वकालत गर्ने ।

प्रत्येक कार्यक्रम प्याकेजमा निम्न विषयहरु समावेश गरिएको छ। विशेष गरि कारकहरूको सामान्य विवरण, र अन्तर्निहित कारणहरू र संवेदनशिल क्षेत्रको असरहरूलाई सम्बोधन गर्न कार्यक्रम गतिविधि, प्रतिफल र उपलव्धि, कायक्रम कार्यान्वयन रणनीतिहरू, कार्यान्वयनका लागि ५-वर्षीय बजेट योजना, अनुगमन योजनाहरू, कार्यक्रमको सम्भावित लाभ र जोखिम संवन्धि सामाल्य विश्लेषण आदि रहेका छन् । संक्षिप्त रूपमा भन्नुपर्दा,समाधान गतिविधिहरूलाई दुई वर्गहरूमा प्रस्तुत गरिएको छ : १) क्षमता वृद्दि गतिविधिहरू र २) स्थलगत भौतिक गतिविधिहरुलाई भौगोलिक सूचना प्रणालीमा क्रियाकलाप कोड सहित नक्सामा प्रस्तुत गरिएको छ ।

यस योजनामा समावेश गरिएका संभावित समाधान-क्रियाकलापहरू मध्ये केहि कार्यक्रम चुरे उत्थानशिल आयोजनाको प्राथमिकतामा परेको छ आयोजनाको प्राथमिकतामा भन्दा बाहिर पनि केहि कार्यक्रमहरु समावेश भएका छन् । चुरे उत्थानशिल आयोजनाको प्राथमिकतामा परेको कार्यक्रमलाई आयोजनाको प्राथमिकता कोड सहित समावेश गरिएको छ । कार्यक्रमको विस्तृत रुपमा एक्सेल फाइलमा दिइएको छ ।

**कार्यक्रम प्याकेज १ : क्षति वन पुनर्स्थापना र नदी तटिय खालि जमिनमा वृक्षारोपण**
यो **कार्यक्रम प्याकेजको** आवश्यकता किन ?

यस नदी प्रणालीमा सन् २०१५ देखि २०२१ सम्म करिब ७४४ हेक्टर प्राकृतिक वन क्षति भएको पाईन्छ , जुन विभिन्न स्थानमा रहेको छ, : हरिवन नगरपालिका-१ र ९; हरिपुर नगरपालिका-२; लालबन्दी नगरपालिका-१, १०, ११, १३, १४ र १५ ( ICIMOD, 2015 and Google Earth Imageries, 2021) । वन विनाश र वन क्षयीकरणका निम्न प्रमुख कारकहरू र अन्तरनीहित कारणहरु लाई संवोधत गर्न र नदी तटिय क्षेत्रहरूको जोखिमलाई पुनर्स्थापना र वृक्षारोपणको कार्यक्रमको प्रस्ताव यस कार्यक्रम **प्याकेजमा** गरिएको छ ।

- **डडेलो:** यस नदी प्रणालीमा, हरेक वर्ष (फाल्गुण देखि वैषाख सम्म) सबै सामुदायिक वनहरूमा दुई देखि तीन पटक डडेलोका घटनाहरू हुने गर्दछ ।भने मानवीय लापरवाही गतिविधिले पनि वनमा डढेलोका घटना बढाउन सहयोग गरेको छ । नदी प्रणालीमा वनमा डढेलो हुनुका अन्य अन्तर्निहित कारणहरू मध्य, मख्य कारणहरु निम्न रहेका छन् । जस्तै : नयाँ घाँस पलाउने मानिसहरूको विश्वास रहेकोले मानिस आफैले आगो लगााउने गरेको, सामुदायिक वन समितिमा वन रक्षकहरूको व्यवस्थापनकालागि सीमित स्रोतहरू; उपभोक्ताहरूसँग वन डडेलो नियन्त्रण गर्ने उपकरणहरूको कमि; सुकेका पात र हाँगाहरू हटाउन र उचित व्यवस्थापन अभ्यासहरूको अभाव; र वन भित्र र वरपर पानीको स्रोतको उपलब्धतामा कमी ।
- **अतिक्रमण:** स्थानीय बासिन्दाका अनुसार लखनदेही नदी प्रणालीमा वन अतिक्रमण उल्लेखे रहेको छ । बढ्दो अतिक्रमण मुख्यतया उपभोक्ता समूहहरूको वन व्यवस्थापन सुशासनमा कमजोरी, सामुदायिक वन उपभोक्ता समूह को निष्क्रियता, अतिक्रमणमा अनौपचारिक राजनीतिक समर्थन र सहयोग, वन अतिक्रमण नियन्त्रणमा स्थानीय सरकारको अपर्याप्त भूमिका र वेवास्ता, वन व्यवस्थापनमा संवन्धि चेतनाको कमी ।
- **चोरी निकासी:** वन उपभोक्ता समूहहरूको कमजोर संस्थागत क्षमता, जोखिममा परेका समुदायका लागि जीविकोपार्जन र आयआर्जनका विकल्पहरूको अभाव र नदी प्रणालीमा तल्लो तटिय क्षेत्रका समुदायहरूको विगतमा भएका हस्तक्षेपका कारण ठूलो मात्रामा काठ काट्ने अभ्यास । त्यसैगरी वन सञ्चालन योजनाको अपर्याप्त कार्यान्वयन, दक्ष जनशक्तिको अपर्याप्तता, बजेटको अभाव, समिति, उपभोक्ता र सव-डिभिजन वन कार्यालय बीचको समन्वयमा कमजोरि, चेतनाको कमी, लापरवाही, स्थानीयको आयस्रोतको अभाव र काठ र दाउरामा उच्च निर्भरता, अत्यधिक दाउरा सङ्कलन, खुल्ला चरिचरण, आदि ।
- **अत्यधिक दाउरा सङ्कलन:** स्थानीय समुदायमा खाना पकाउन र अन्य घरेलु कार्यकोलागि वैकल्पिक ऊर्जा स्रोतको अभाव, वैकल्पिक ऊर्जा स्रोतलाई (जस्तैः वायोग्यास उर्जा) नियमित संचालनको लागि आवश्यक उपकरणसहितको तालिम प्राप्त दक्ष जनशक्तिको अभाव, तल्लो तटिय क्षेत्रमा गुईठाको अत्यधिक प्रयोग र दाउराको अव्यवस्थित प्रयोग ( तल्लो तटिय क्षेत्रका सामुदाय वाट दैनिक सय क्विन्टल दाउरा अनियमित सङ्कलन हुने गरेको) , आदि ।

- **खुल्ला चरिचरणः** खुल्ला चरीचरण यस नदी प्रणालीको अर्को प्रमुख कारक तत्व हो । स्थानीय सरोकारवालाका अनुसार हरिवन नगरपालिका-१ र २ को राना लिन्ये टोल र बुढाथोकी टोलमा दैनिक ५ सय बाखा चर्ने गरेको छ ।
- **जलवायु जन्य बहु प्रकोप (एक्कासी बाढी, पहिरो, र नदी कटान)** : नदी प्रणालीको भूमि विशेषताहरू अनुसार, यसले लगभग १८ खहरेहरू (DoS, 1996 topo–sheet and Google Earth) रहेका छन् । विशेष गरी विभिन्न सिजनमा प्रि-मनसुन (मार्च-मे) र मनसुन अवधि (जून-सेप्टेम्बर) यस नदी प्रणालीमा ती खहरे खोल्सीहरुको संख्या र चौडाइ बढ्दै गएका र बाढी, पहिरो, र भूक्षय र नदी कटानको अवस्था वढ्दै गएको ।
  त्यसैगरी नदी प्रणालीमा नदीले आफ्नो वहने क्षेत्र विस्तार गर्दै बाढी, पहिरो र भूक्षयका घटना बढ्दै गएका छन् । भारी वर्षाले बाढी, पहिरो र भूक्षय बढाएको छ । यी खतरनाक घटनाहरूले यस नदी प्रणालीको वन क्षेत्रलाई ह्रास गरेको छ । यसबाहेक हरिवान नगरपालिका-१; लालबन्दी नगरपालिका-११, १२, १३, १४, १५ र कौडेना गाउँपालिका-३ मा पहिरो र भूक्षय अधिकतम देखिएको छ (समस्या कार्यशाला र स्थलगत भ्रमणमा आधारित जानकारी, २०२२)।

## यस कार्यक्रम प्याकेजमा निम्न मुख्य गतिविधिहरू रहेका छन्:

क) क्षति भएको वनमा संवर्धन (Enrichment) वृक्षारोपणः सम्भावित स्थानीय रूख प्रजातिहरूलाई प्रोत्साहन गर्ने : बाँस ( *Dendrocalamus species*), किम्बु ( *Morus alba*), टाङ्की ( *Bauhinia purpurea*), बढहर ( *Artocarpus lakoocha*), निमारो ( *Ficus auriculata*), गुटेल ( *Trewia nudiflora*), सिसौ ( *Dalbergia sissoo*), सतिसाल ( *Dalbergia latifolia*), खयर ( *Acacia catechu*), जामुन ( *Syzygium cumini*), सिमल ( *Bombax ceiba*), साल ( *Shorea robusta*), कर्मा ( *Adina cardifolia*); आस्ना ( *Terminalia tomentosa*) ।

ख) वृक्षारोपणको संभावना भएको सम्भावित क्षेत्रहरुलाई नजिक पारेर वन नर्सरी स्थापना गर्ने ( त्यस्ता वन नर्सरी निजी, सामुदायिक र वन सव-डिभिजनहरूलाई प्रवर्द्धन र प्रोत्साहन गर्न सकिन्छ )। जस्तै : चक्रघट्टा गाउँपालिका-३; हरिपुर नगरपालिका-२ र लालबन्दी नगरपालिका-६मा वन नर्सरी स्थापना गर्न सकिने संभावित सिफारिस गरिएको स्थान हुन् ।

ग) प्राकृतिक पुनरुतपादन सहयोग (Assited Natural Regeneration-ANR) ) अन्तर्गत निम्न कार्यहरूलाई प्रोत्साहन गर्न आवश्यक छ । जस्तै;

क) झाडी, पात पतिङ्गर र वनका अन्य अवशेषहरूको निकासी, सरसफाइ र सुधारहरू गरी वन डडेलो घटाउने ( (लगभग ३२ किमी);

ख) वनको संरक्षणको लागि तारको घेरबार लगाउने (२२ किमी),

ग) वन रक्षकको व्यवस्था गर्ने,

घ) वैकल्पिक सहित चरिचरण कम गर्ने;

ङ) वन डडेलो प्रतिकार्य औजारहरुको प्रावधान गर्ने

च) डडेलो नियन्त्रणका लागि नयाँ प्रविधि को अवलम्बन गर्ने ,(उदाहरणका लागिः फरेस्ट वाचर मोबाइल एप - गतिशील अनलाइन वन निगरानी र सतर्कता प्रणालीहरू)

छ) वन व्यवस्थापन प्रणालीलाई सुदृढ गर्न वन व्यवस्थापन सञ्चालन योजनाहरूको सुदृढीकरण र अद्यावधिक गर्ने ।

ज) सामुदायिक तथा स्थानीय वन व्यवस्थापन समुहको वन व्यवस्थापन संगसम्वन्धि प्रशासनिक तथा शाशकिय पद्दतीलाई सशक्त बनाउने;

घ) यस नदी प्रणालीमा नदी तटिय क्षेत्रका र अन्य सम्भावित खाली जमिनमा (सम्भावित क्षेत्र करिव ८२७ हेक्टर) विभिन्न आयमका वृक्षारोपणको सम्भावना रहेका छ । जसमा : सामुदायिक भूमि वृक्षारोपण (करिव ६४५ हेक्टर), प्रदर्शन वृक्षारोपण (करिव ३९ हेक्टर), नदी तटिय वृक्षारोपण (करिव ४७ हेक्टर), र निजि जग्गा वृक्षारोपण (करिव ९५ हेक्टर) ।

ङ) महिला र सीमान्तकृत समुदायहरूलाई वैकल्पिक ऊर्जा स्रोतहरूबाट सहयोग गरेर दाउरामा मात्र निर्भरतालाई,न्यूनीकरण र नियन्त्रण गर्न आवश्यक छ; ।

## यस कार्यक्रम प्याकेजका उद्देश्यहरू

- वृक्षारोपण तथा संरक्षण मार्फत प्राकृतिक वन क्षेत्र सुधार तथा सम्वर्धन गर्ने ;
- उचित व्यवस्थापन मार्फत वनको गुणस्तर सुधार गर्ने;
- वन डडेलो र जोखिम कम गर्न सामुदायिक तथा स्थानीय वन समुहको क्षमता विकास गर्ने
- प्राकृतिक वनमा आधारित दाउराको निर्भरता घटाउने;
- नदीको वाढीजन्य र नदी तटिय क्षेत्रमा व्यवपक वृक्षारोपण गरेर वनले ओगट्ने क्षेत्र बढाउने र यसको उत्पादनलाई स्थानीय समुदायको आम्दानी वढाउन जोड दिने;

**रणनीतिहरू:**

- वृक्षारोपणकालागि स्थानीय रुख जातका प्रजातिलाई प्राथमिकता दिएर समुदायले इछ्याएको वन जातिहरूको पहुँच र उपलब्धता सुनिश्चित गर्ने गराउने ।
- नर्सरी स्थापना र बिरुवा उत्पादनमा स्थानीय र सामुदायिक वन उपभोक्ता समुहको प्राविधिक क्षमता अभिवृद्धि गर्ने, गराउने ।
- नदी किनाराको वृक्षारोपणमा बाढीको जोखिमबाट वनको क्षतिलाई जोगाउन नदी किनारको स्थिरीकरणका लागि स्थानीय उपायहरू मार्फत अवलम्बन गर्ने ।
- विभिन्न विकल्पहरू उपलब्ध गराएर खुल्ला चरिचरण घटाउने (उदाहरणका लागिः निजी जग्गामा र सामुदायिक/स्थानीय वन क्षेत्रहरूमा घासजन्य जाती नर्सरीमा सहयोग गर्न सकिने)
- दाउरा सङ्कलनकोलागि वनमा आश्रित समुदायहरूलाई वैकल्पिक ऊर्जा स्रोतहरूमा सहयोग गर्ने;
- वृक्षारोपण गरिने क्षेत्रहरूमा सिँचाइ सुविधा सुनिश्चित गर्ने, र विशेष गरी नदी किनारको वृक्षारोपण सिँचाइ सुविधा सहितको कार्य गर्ने ।
- उपकरण र सीपमा आधारित वन व्यवस्थापन तालिमको सहयोगबाट सरकारी वन निकायहरूको क्षमता अभिवृद्धि गर्ने ।
- नदी क्षेत्रको सार्वजनिक जग्गाहरूमा कार्यक्रम गतिविधिहरूको लागि यस नदी प्रणाली भित्र आवद्द भएका सम्बन्धित स्थानीय सरकारहरूसँग सहकार्यको विकास गर्दै जाने ।
- नदी क्षेत्रहरूमा गरिने वृक्षारोपणको दीर्घकालीन व्यवस्थापन सुनिश्चित गर्ने (उदाहरणका लागिः स्थानीय सरकार र जिल्ला वन डिभिजन कार्यलयसँगको समन्वयमा समुदायमा आधारित तीन वर्षे कार्ययोजना विकास र स्वीकृत गर्न सकिने ))।
- वन व्यवस्थापनको सफल प्रदर्शन मोडेल भएको स्थानमा भ्रमण गरि थप ज्ञान सिप आर्जन गर्ने ।
- वातावरणीय प्रभावहरू कम गर्न नदी जन्य सामग्रीको दिगो उत्खन्न र निकासीमा सहजीकरण गर्ने र वन क्षयीकरण कम गर्न वन क्षेत्रहरूमा ‸ भौतिक पूर्वाधार विकास संरचना निर्माण कम गर्ने; र चोरी तस्करी कम गर्ने ।

**सहभागिताकालागि र सरोकारवालाको अभ्यासहरूमा परिवर्तन गर्ने प्रोत्साहन सहयोग ।**

- सामुदायीक वन उपभोक्ताहरू विशेष गरी सीमान्तकृत वन उपभोक्ताहरूलाई श्रोतको लाभको निष्पक्ष र न्यायोचित वितरण
- नर्सरी स्थापना र संवर्धन (enrichment) वृक्षारोपणमा सक्रिय संलग्नताका लागि महिला र आर्थिक रूपमा सीमान्तकृत समुदायका लागि प्रोत्साहन गर्ने
- वैकल्पिक जैविक ऊर्जाको लागि प्रोत्साहन गर्ने
- पशुपालन सेवाको दिगो व्यवस्थापन गतिविधिहरूलाई प्रोत्साहन (घाँस वृक्षारोपण मार्फत स्टल फिडिङको प्रवर्द्धन, नाफामुखी पशुपालन प्रवर्द्धन, खोर सुधार, फोडर बैंकको परिकल्पना - उच्च गुणस्तरको घाँस प्रजातिहरूको रोपण)

**प्रतिफल, गतिविधि र सह-क्रियाकलापहरू:**

| **प्रतिफल** | **गतिविधि** | **सह-क्रियाकलाप** | **क्षेत्र कोड** | **टिप्पणी** |
|---|---|---|---|---|
| प्रतिफल १: यस आयोजना क्षेत्र भित्र प्राकृतिक वन पारिस्थितिकीय प्रणाली अफ्र राम्रो र सुंरक्षित हुनेछ । | गतिविधि १.१ : क्षतिग्रस्त प्राकृतिक वन पुनर्स्थापना | वन नर्सरी स्थापना र प्रवर्द्धन (३) in चक्रघट्टा गाउँपालिका-३; हरिपुर नगरपालिका-२ र लालबन्दी नगरपालिका-६ | A71,A81,A209 | |
| | | प्राकृतिक वन पुनरुतपादन व्यवस्थापन र संवर्धन वृक्षारोपण (करिव ७४४ हेक्टर) : हरिवन नगरपालिका-१ र ९; हरिपुर नगरपालिका-२; लालबन्दी नगरपालिका-१, १०, ११, १३, १४ र १५ | M118, M124, M141, M146, M157, M159, M172, M174, M189, M202, M210, M214, M218, M222, M223, M224, M237, M246, M252, M259, M263, M283, M284, M289, M300, M316, M321, M331, M332, M333, M77, M78, M79, M85 | |
| | | प्राकृतिक पुनरुत्पादन सहयोग ::<br>• हाल भएको अग्निरेखा र अवस्थित ट्रेल को सरसफाइ तथा व्यवस्थापन (३२ किमी) हरिवन नगरपालिका-१ र २ र लालबन्दी नगरपालिका-१३, १५<br>• प्राकृतिक वन क्षेत्र (२२ किमी) वरिपरि तारबार लगाउने हरिवन नगरपालिका-१ र | M169, M179, M187, M190, M208, M213, M220, M228, M234, M236, M254, M267, M270, M272, M279<br><br>M9, M28, M73, M81, M93, M133, M136, M153 | सरकारी प्याकेज अनुसार वन डढेलो नियन्त्रणको लागि टुलकिट (जिल्ला स्तरमा सम्भव भएमा पानी ट्याङ्की सहितको ट्रली)<br>नदी प्रणालीमा ३२ CFUGs/LFUGs छन् र प्रत्येक २ CFUGs को लागि एक प्याकेजको लागि |

| | | | | |
|---|---|---|---|---|
| | | लालबन्दी नगरपालिका-१०, १५<br>● वन डडेलो व्यवस्थापनको लागि उपकरण/औजार सेटहरूमा सहयोग (३२ सेट)<br>● फोडर रूखहरूको सहयोगको लागि फोडर नर्सरि बिरुवाहरू अवधारणा ( ४०० HHs)<br>● वन रक्षकको प्रावधानहरूमा सहयोग (प्रत्येक वन उपभोक्ता समुहमा  कम्तिमा एक जना (३२ व्यक्ति)<br>• वन डडेलो अनुगमन र वन व्यवस्थापनका लागि हाल अवस्थित ICIMOD मोबाइल एपहरू ँ(Forest Fire App) सँग लिङ्क गर्दै (१) | | वन अग्नि नियन्त्रक उपकरण प्रस्ताव गरिएको छ। |
| | **गतिविधि १.२ दिगो वन व्यवस्थापनको लागि क्षमता अभिवृद्धि** | क) समुदायमा आधारित वन डडेलो नियन्त्रण प्रतिकार्य समूह (CB–FFFG) को विकास ३२ कार्यक्रमहरू<br>ख) वन डडेलो नियन्त्रण र व्यवस्थापनमा सीप प्रशिक्षण प्रदान गर्ने (३२* ३) = ९६ व्यक्ति फायर फाइटर प्रशिक्षणको लागि)<br>ग) वन संचालन योजना निर्माण /समीक्षाका पुर्नलेखनको लागि सहयोग (३२ योजनाहरू)<br>घ) वन उपभोक्ताहरूका लागि वन संचालन संवन्धि सिकाई कक्षा (३२ कार्यक्रमहरू) | | • नदी प्रणालीमा CFUGs/LFUGs को कुल संख्या लगभग ३२ संख्यामा रहेको<br>• वन संचालन कार्ययोजनालाई विभिन्न विषय संगतरुपमा रिभ्यु गर्नुपर्छ। जस्तै :<br>• जलवायु परिवर्तन, पुनरुत्पादन व्यवस्थापन तथा संवर्धन वृक्षारोपण, वन कीट र रोग व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशिकरण, स्थानीय प्रजातिहरूको |

| | | | | |
|---|---|---|---|---|
